का.जि.प्र.का.द.नं. १००/०५९/६०
२७ भदौ २०८३
शनिबार
12 September 2026
Saturday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २३३। पृष्ठ ६ | Madhyanha National Daily | www.madhyanhadaily.com



# डेरामा चार पूर्वप्रधानमन्त्री

एक वर्षअघि सडकको आक्रोशले नेताका घर जलायो। आगो निभ्यो, धुवाँ हरायो तर अधिकांशका घर अझै उठेका छैनन्। चार पूर्वप्रधानमन्त्री भाडाको घरमा छन्। जलेका घरसागै सम्पत्तिको अधिकार र २४ भदौको विध्वंसमाथि छानबिनको माग अधुरै छ।

एक वर्षपछि बालकोट घर पुगेका ओली

व्यक्तिगत सम्पत्तिमाथिको अधिकार संविधानले ग्यारेन्टी गरेको छ । व्यक्ति वा सार्वजनिक क्षति गम्भीर अपराध हो । यसमा संसदीय छानबिन समिति बनाएर अनुसन्धान गरिनुपर्छ ।

■ **रेणुका पौडेल**
**अध्यक्ष, मानव अधिकार तथा शान्ति समाज**

## अझै उठ्न सकेनन् नेताका भग्नावशेष घरहरू

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २६ भदौ

एक वर्षअघि आगोले ती घरहरू खरानी बनायो। आज त्यहाँ धुवाँ र कोलाहल छैन । छ त जलेका भित्ता र भत्किएका संरचना मात्र । सत्ता र राजनीतिको केन्द्रमा रहेका पूर्वप्रधानमन्त्रीहरू अहिले आफ्नै घरमा होइन, भाडाको छानामुनि छन् ।

गत वर्ष २३ भदौमा सुशासन र सामाजिक सञ्जालमाथिको अवरोध खुलाउन माग गर्दै सुरु भएको शान्तिपूर्ण प्रदर्शन केही घण्टामै हिंसात्मक बन्यो । भोलिपल्ट २४ भदौमा विध्वंसमा परिणत भयो । अघिल्लो दिनको घटनामा १९ जना युवाको एकै ठाउँमा ज्यान गएपछि त्यसको प्रतिकारले विध्वंस निम्त्याएको थियो। जेनजी समूह, आफन्त र समर्थकको आह्वानमा भएको आन्दोलनमा देशका मुख्य प्रशासनिक संरचनादेखि नेताका निजी निवाससम्म निसानामा परे । सिंहदरबार, राष्ट्रपतिको भवन, सर्वोच्च अदालत, दलका कार्यालय, स्थानीय सरकारका कार्यालय र »» पृष्ठ २ मा



### भाडाको घरमा देउवा

आन्दोलनका बेला पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवा र उनकी श्रीमती आरजू देउवा बुढानीलकण्ठस्थित घरमै थिए । आक्रोशित भिडले देउवा दम्पतीमाथि सांघातिक हमला गऱ्यो । घर दनदनी बल्यो । आगो निभाउने कोही भएनन् ।

आक्रमणबाट रगताम्य भएका देउवा दम्पतीलाई नेपाली सेनाको टोलीले उद्धार गरेको थियो । देउवा लामो समय अस्पतालमा रहे । प्राथमिक उपचारपछि थप उपचारका लागि कात्तिक अन्तिम साता सिंगापुर गए । पहिलो चरणको उपचार सकेर उनी नेपाल फर्किए । »» पृष्ठ २ मा



### म सुकुम्वासी भएँ : झलनाथ

पूर्वप्रधानमन्त्री झलनाथ खनालको डल्लुस्थित घर अझै भग्नावशेषमै छ । आन्दोलनकारीले घरमा आगो लगाउँदा उनकी श्रीमती रवीलक्ष्मी चित्रकारसमेत जलेकी थिइन् । लामो उपचारपछि उनी अहिले आराममा छिन् । खनाल परिवार अहिले डल्लुस्थित आवास क्षेत्रमा भाडाको घरमा बस्दै आएको छ । मासिक घरभाडासमेत आफन्तले व्यवस्थापन गरिदिएको खनालले बताए । 'गत २४ भदौमा विध्वंसकारीहरूले मेरो जीवनभर लगाएर जोडेको एउटा वासस्थान पनि खरानी बनाइदिए,' उनले मध्यान्हसँग भने, 'म एक हिसाबले भन्नुपर्दा तिनै »» पृष्ठ २ मा



### प्रचण्ड खुमलटारकै अर्को घरमा

पूर्वप्रधानमन्त्री एवं नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' आन्दोलनका बेला ललितपुरको खुमलटारमा बस्थे । ठेकेदार शारदाप्रसाद अधिकारीको घरमा लामो समयदेखि बस्दै आएका प्रचण्डको निवास आक्रोशित भिडले खोजेरै जलायो। आगलागीबाट ध्वस्त भएको उक्त निजी घर अहिले पनि मर्मत हुन सकेको छैन । प्रचण्ड अहिले खुमलटारस्थित अर्कै घरमा भाडामा छन् ।

उनले काठमाडौंमा घर बनाएका थिएनन् । चितवनस्थित प्रचण्ड निवाससमेत आन्दोलनकारीले जलाएर भग्नावशेष बनाएका हुन् ।

# डिएनए परीक्षणमा जनशक्ति अभाव

भोटेकोशी बाढीपछि भेटिएका एक हजार ३८५ शवमध्ये १०४ जनाको मात्र सनाखत भएको छ। शव र आफन्तबाट तीन हजार २३ डिएनए नमुना संकलन भइसकेका छन्। तर परीक्षण गर्ने दुई सरकारी प्रयोगशालामै जनशक्ति र स्रोतसाधनको अभाव छ।





संकलित नमुनालाई सुरक्षित भण्डारण गर्नुका साथै परीक्षणसम्बन्धी सम्पूर्ण मापदण्ड पूरा गरी डिएनए परीक्षणमा अहोरात्र खटिरहेका छौं ।

■ **योगबहादुर पाल**
**प्रहरी वरिष्ठ उपरीक्षक**



डिएनए नमुनाको प्रोफाइलिङपछि पहिचान प्रक्रिया अघि बढ्छ । पहिलो चरणको परीक्षणबाट पहिचान खुल्न नसके दोस्रो चरणमा नमुना परीक्षण गर्नुपर्ने हुन्छ ।

■ **मुकुल प्रधान**
**वरिष्ठ वैज्ञानिक अधिकृत**

**भावना पाठक**
काठमाडौं, २६ भदौ

भोटेकोशी बाढीपछि विभिन्न जिल्लामा भेटिएका शवको पहिचानका लागि डिएनए परीक्षण तीव्र पारिएको छ । बाढीमा ज्यान गुमाएका नेपाली तथा विदेशी नागरिकका शव पहिचान हुन नसकेपछि मृतकका आफन्तबाट समेत डिएनए नमुना संकलन गरी परीक्षण अघि बढाइएको हो ।

अहिलेसम्म एक हजार ३८५ शव फेला परेका छन् । तीमध्ये चितवनमा सबैभन्दा धेरै ३६४ जनाको शव भेटिएको छ । त्यसपछि नवलपरासी पूर्वमा २२८, नवलपरासी पश्चिममा २२२, नुवाकोटमा १९९, रसुवामा १८५, गोरखामा ७७, धादिङमा ७० र तनहुँमा ३८ जनाको शव भेटिएको छ। काठमाडौंमा उपचारका क्रममा थप दुईजनाको मृत्यु भएको थियो ।

हालसम्म १०४ शवको मात्र सनाखत भएको छ । सनाखत हुन नसकेका अधिकांश शवको डिएनए नमुना संकलन गरी जमिनमुनि व्यवस्थापन गरिएको छ । अहिले ती शवको पहिचानका लागि बेपत्ताका आफन्तबाट डिएनए नमुना संकलन भइरहेको छ।

नेपाल प्रहरीको केन्द्रीय विधि विज्ञान प्रयोगशाला, सामाखुसी र राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमलटारले शवबाट संकलित नमुना तथा सम्भावित आफन्तबाट लिइएका नमुना परीक्षण गरिरहेका छन् । बाढीप्रभावित क्षेत्रमा शव भेटिने क्रम जारी रहेकाले प्रयोगशालामा परीक्षणका लागि आउने नमुनाको संख्या पनि बढिरहेको छ । अहिले पाँच हजार १३० जना बेपत्ताको सूचीमा छन् । बेपत्ताको संख्या ठुलो भएकाले डिएनए नमुना संकलन पनि ठुलो परिमाणमा भइरहेको प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक अभिनारायण काफ्ले बताउँछन् ।

बाढीमा बगेका शव त्रिशूली र नारायणी नदीको बहावसँगै विभिन्न जिल्लामा पुगेका छन्। नुवाकोट, धादिङ, तनहुँ, गोरखा, »» पृष्ठ २ मा

## एमालेमा बढ्यो अन्तरसंघर्ष

# ओली हटाउन दबाब

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ भदौ

प्रतिनिधिसभामा तेस्रो स्थानमा पुगेसँगै नेकपा (एमाले)भित्र चलेको पार्टी पुनर्संरचनाको बहस अझै जारी छ । एकाथरीले नेतृत्वकै कारण पार्टीले लज्जास्पद हार व्यहोर्नुपरेको निष्कर्षसहित विकल्पबारे आवाज उठाएका छन् भने अर्काथरी नेताहरूले अहिले नै ओलीको विकल्प खोज्ने बेला नआएको दाबी गरेका छन् ।

पार्टीभित्र देखिएको आन्तरिक असमझदारीलाई साम्य बनाउन एमालेले उपाध्यक्ष रामबहादुर थापा 'बादल'को संयोजकत्वमा समीक्षा तथा पार्टी पुनर्गठन कार्यदल बनाएको थियो। कार्यदललाई फिल्डमै पुगेर प्रतिवेदन तयार गर्ने जिम्मेवारी दिइएको थियो। तर, कार्यदलमा रहेका उपाध्यक्ष बादल र महासचिव शंकर पोखरेलले आ-आफ्नै ढंगले प्रतिवेदन तयार पारे।

शुक्रबार बसेको सोही कार्यदलको बैठकमा ती प्रतिवेदन पेस गर्ने र आवश्यक छलफल अघि बढाउने भनिए पनि बैठकमा कुनै प्रतिवेदन पेस भएनन् । कार्यदलका संयोजक बादलको अध्यक्षतामा पार्टी कार्यालयमा बसेको बैठकमा प्रतिवेदनको विषय प्रवेश नै नभएको एमाले सचिव शेरधन राईले बताए । सो प्रतिवेदन आइतबार बैठकमा पेस हुने उनको भनाइ छ । कार्यदलले तल्लो तहबाट ल्याएको सुझावमा नेतृत्वका बृहत् छलफल गरेर जानुपर्ने भन्ने आएको उनले बताए। यद्यपि पछिल्लो बहसमा आएको नेतृत्व हटाउने भन्ने सन्दर्भमा कार्यदललाई उक्त अधिकार नभएको सचिव राईको दाबी छ। 'कार्यदलको टिओआरभित्र नेतृत्व हटाउने भन्ने छैन, त्यो अधिकार नभएका कारण अहिले पार्टी नेतृत्व परिवर्तन भइहाल्ने भन्ने होइन,' उनले मध्यान्हसँग भने, 'आइतबारबाट मात्रै हामीले प्रतिवेदनमाथि छलफल गर्ने र निष्कर्ष निकाल्छौं। भूगोलको सुझावहरूलाई प्रतिवेदनको अनुसूचीमै राखिएको छ।' पहिला कार्यदलका सदस्यहरूले »» पृष्ठ २ मा

प्रतिनिधिसभामा तेस्रो स्थानमा खुम्चिएपछि एमालेमा नेतृत्व परिवर्तनको बहस चर्किएको छ। प्रदेश, विभाग, जनसंगठन र प्रवासबाट आएका अधिकांश सुझावले ओलीलाई सम्मानजनक बहिर्गमन गर्नुपर्ने माग गरेका छन्। तर बादल नेतृत्वको कार्यदलले तत्काल नेतृत्व परिवर्तनको निष्कर्ष ननिकालेपछि एमालेभित्रको विवाद थप पेचिलो बनेको छ।




**वैदेशिक रोजगार विशेष**

# एफडब्लुसिएमएसबाट बाहिरिन २५ म्यानपावरलाई संघको आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ भदौ

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले मलेसियाको फरेन वर्कर सेन्ट्रल म्यानेजमेन्ट सिस्टम (एफडब्लुसिएमएस) मा समावेश म्यानपावर कम्पनीहरूलाई सरकारले गर्ने कठोर कारबाही अघि नै त्यस प्रणालीबाट बाहिरिन आग्रह गरेको छ।

मलेसियामा विदेशी कामदारहरूको भर्नाको समग्र प्रक्रियालाई स्वचालित रूपमा व्यवस्थापन र नियन्त्रण गर्न एफडब्लुसिएमएस प्रणाली प्रयोगमा छ । उक्त प्रणालीमा नेपालका २७५ म्यानपावर कम्पनीको नाम समावेश भएपछि यो कारबाहीको विषय बनेको छ।

संघले एफडब्लुसिएमएस प्रणालीमा सीमित म्यानपावर कम्पनीको प्रवेशलाई सिन्डिकेटको संज्ञा दिँदै त्यसमा संलग्न वैदेशिक रोजगार व्यवसायीलाई कारबाही गर्न युवा, श्रम तथा रोजगार मन्त्रालयलाई दबाब दिइरहेको छ।

संघका अध्यक्ष डिकबहादुर खत्री 'कुमार'ले वैदेशिक रोजगार विभाग र मलेसियास्थित नेपाली दूतावास एफडब्लुसिएमएसमा रहेका म्यानपावर »» पृष्ठ २ मा

## भिजिट भिसाको ठगीबारे महावाणिज्यदूतावासले गरायो सचेत

**निशान्त पाठक/मध्यान्ह**
दुबई, युएई, २६ भदौ

नेपाली महावाणिज्यदूतावास, दुबईले भिजिट भिसा र व्यक्तिगत रोजगारी भिसाका नाममा भइरहेको ठगीका बारेमा सचेत रहन आग्रह गरेको छ । शुक्रबार एक विज्ञप्ति जारी गर्दै महावाणिज्यदूतावासले संस्थागत रूपमा वैधानिक एवं सुरक्षित माध्यमबाट युएईमा रोजगारीका लागि आउने विकल्प हुँदाहुँदै उल्लेख्य संख्यामा नेपालीहरू असुरक्षित तवरले युएई पुगेको र ठगीमा पर्ने गरेको देखिएको जनाएको छ।

रोजगार आकांक्षी नेपालीहरू नेपालमा दलाललाई लाखौं रुपैयाँ बुझाई अन्य मुलुकको भिजिट भिसा प्रयोग गरेर »» पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# सडकपेटीमा सुत्केरी : काममा खटिएका ६ जना कर्मचारी निलम्बित

**सप्तरी/मस-** राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा भर्ना भएकै अवस्थामा अस्पतालअघिको सडक पेटीमा शिशुलाई जन्म दिएको घटना सार्वजनिक भएपछि सो विषयमा संघीय, प्रदेश र स्थानीयस्तर गरी तीनवटा छानबिन समिति गठन गरिएको छ । ती समितिले छानबिन प्रक्रिया पनि सुरु गरिसकेका छन् ।

छानबिन समितिले उक्त कार्यस्थलमा खटिएका स्वास्थ्यकर्मी, चौकीदार, सफाइकर्मी र निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा.जीतेन्द्र कँडेलसँग सोधपुछ गरिसकेको अस्पताल प्रशासनले जनाएको छ। छानबिन टोलीले घटनाको प्रकृति, पीडित महिलाको अवस्था, स्वास्थ्यकर्मीको व्यवहार तथा अन्य विषयमा अनुसन्धान गरिरहेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.राञ्जित झाले बताए । उनी घटना भएको दिन कामविशेषले काठमाडौंमा थिए ।

मेडिकल सुपरिटेन्डेन्ट डा.झाले प्रारम्भिक चरणमा घटनाका दिन




अस्पतालको प्रसूति वार्डमा काम गरिरहेका चार स्वास्थ्यकर्मी, एक चौकीदार र एक जना सरसफाइकर्मी गरी छ जनालाई तत्काल निलम्बन गरिएको जानकारी दिए।

उनले छानबिन समितिको अन्तिम प्रतिवेदनअनुसार निलम्बितहरूका बारेमा थप निर्णय गरिने बताए । 'छानबिनको अन्तिम टुंगो नलागेसम्म छ जनाकै निलम्बन कायम रहने छ' उनले भने ।

स्थलगत छानबिनका लागि स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयद्वारा नेपाल मेडिकल काउन्सिलका रजिष्ट्रार सुप्रभात श्रेष्ठको नेतृत्वमा गठित छानबिन समिति, जिल्ला प्रशासन कार्यालयद्वारा जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख डा.सतिशकुमार यादवको नेतृत्वमा गठित छानबिन समिति तथा मधेस प्रदेशसभाको महिला, बालबालिका तथा सामाजिक न्याय समितिका सदस्य किरणकुमारी साह नेतृत्वमा गठित छानबिन समितिले काम सुरु गरेको हो । समितिले आ-आफ्नो तरिकाले घटनाबारे सत्यतथ्य बुझेर सम्बन्धित निकायमा सात दिनभित्र प्रतिवेदन बुझाउने गरी समय तोकिएको छ।

स्थानीय गजेन्द्रनारायण सिंह अस्पतालमा तीनदिन अघि सुत्केरी व्यथा लागेर आएकी राजविराज नगरपालिका-१४ परसाही टोलकी ३० वर्षीया बविता पासमान रकम अभावका कारण उपचार नहुने भन्दै अस्पतालबाट बाहिर निस्किएका थिए ।

यसअघि तीन सन्तानलाई वर्थिङ सेन्टर र अस्पतालमा जन्म दिनुभएकी बविताले चोथौ सन्तानलाई रकम अभावका कारण सडकमै जन्माएको थियो । स्वास्थ्यकर्मीले पुर्जामा लेखिदिएको तीन हजार २०० को जाँच गराउन पैसा नभएपछि जोहो गर्न निस्केका बेला उनले सडकपेटीमा शिशुलाई जन्म दिएका थिए । उक्त दृश्य सामाजिक सञ्जाल तथा सञ्चारमाध्यमबाट भाइरल बनेपछि सत्यतथ्य जाँच गर्न छानबिन समिति गठन गरिएको हो ।

# वन संरक्षण सबैको साझा जिम्मेवारी

**लालबाबु बानिया/मध्यान्ह**
पर्सा, २६ भदौ



डिभिजन वन कार्यालय पर्साका प्रमुख मञ्जुर अहमदले वन संरक्षण, व्यवस्थापन र विकासका लागि वन कार्यालय तथा उपभोक्ता समूहबीच प्रभावकारी सहकार्य आवश्यक रहेको बताएका छन् ।

सवैया साझेदारी वन उपभोक्ता समूहको आयोजनामा शुक्रबार आयोजित 'फेरि भेटौँला' कार्यक्रम तथा अहमदको बिदाइ सम्मान समारोहलाई सम्बोधन गर्दै उनले वन कार्यालयको मुख्य जिम्मेवारी वन संरक्षण, वन व्यवस्थापन, उत्पादन तथा वन विकास रहेको बताए ।

वन संरक्षण सरकारी निकायको प्रयासबाट मात्र सम्भव नहुने भन्दै स्थानीय उपभोक्ता तथा साझेदारी वन समूहको सक्रिय सहभागिता आवश्यक रहेको उनले बताए। वन क्षेत्रलाई हराभरा बनाउँदै वातावरणीय सन्तुलन कायम राख्न वृक्षरोपण, दिगो वन व्यवस्थापन तथा संरक्षणका गतिविधिलाई निरन्तरता दिनुपर्नेमा उनले जोड दिए । 'वन संरक्षण सबैको साझा जिम्मेवारी हो, वन कार्यालय र उपभोक्ता समूहबीचको सहकार्यबाट मात्रै संरक्षणलाई प्रभावकारी बनाउन सकिन्छ,' अहमदले भने ।

सवैया साझेदारी वन उपभोक्ता समूहका अध्यक्ष लखनलाल साह कानुको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वन अधिकृत नवनीत मिश्रा विशिष्ट अतिथि तथा समूहका उपाध्यक्ष असलम आलम अतिथि थिए । कार्यक्रम समूहका सदस्य-सचिव सोनम आचार्यले सञ्चालन गरेका थिए ।

कार्यक्रममा भैयाराम पटेल, जयनारायण यादव, राजीव साह सोनार, नेसार अहमद, रामअयोध्या यादव, राधिका लामा, सुरेश पटेल, सुरज कुर्मी, गीता देवी कलवारिनलगायत समूहका सदस्य तथा सब-डिभिजन वन कार्यालय सवैयाका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा वन, जंगल तथा वातावरण संरक्षण, दिगो वन व्यवस्थापन तथा वन कार्यालय र उपभोक्ता समूहबीचको सहकार्यलाई थप प्रभावकारी बनाउने विषयमा छलफल गरिएको थियो । पर्सामा दुई वर्ष डिभिजन वन प्रमुखका रूपमा कार्यसम्पादन गरेका अहमदको रौतहट जिल्ला वन कार्यालयमा सरुवा भएपछि सम्मान तथा आगामी दिनमा सहकार्यलाई निरन्तरता दिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको समूहका सदस्य शरवण साहले बताए ।

**डेरामा...**

प्रहरी प्रशासनका संरचना जलाइए । तत्कालीन सत्तारुढ र विपक्षी दलका शीर्ष नेताका घर पनि जले । सडकबाट उठेको आक्रोश सत्ताको केन्द्रसम्म पुग्दा शक्तिशाली नेतादेखि व्यापारीसम्मका निवास केही घण्टामै खरानीमा परिणत भए । आन्दोलनको निसानामा परेका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', माधवकुमार नेपाल, तत्कालीन ओली क्याबिनेटका मन्त्रीलगायतलाई नेपाली सेनाले सुरक्षित स्थानमा लग्यो । केहीलाई १० दिनसम्म सेनाको निगरानीमा राखेर घर फर्काइयो । तर उनीहरूको घर थिएन । कतै घर भग्नावशेष भइसकेको थियो । कतै पुनः आक्रमणको त्रास थियो । एक वर्ष बित्दा पनि केही पूर्वप्रधानमन्त्रीका लागि अवस्था उस्तै छ ।

**गुन्डु पुगेका ओली**

नेकपा एमालेका अध्यक्ष एवं तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको पनि अहिले आफ्नै निवास छैन । जेनजी आन्दोलनबाट सत्ता बहिर्गमित ओलीलाई नेपाली सेनाले हेलिकोप्टरमार्फत उद्धार गरेको थियो । १० दिनपछि सेनाले उनलाई छाड्यो । घर फर्कंदा आफ्नो निवास नभएपछि एमाले सचिव महेश बस्नेतको आड, भरोसा, सुरक्षा र व्यवस्थापनमा ओली गुन्डु पुगे ।

अहिले उनी स्थानीय विष्णु श्रेष्ठको घर भाडामा लिएर बस्दै आएका छन् । आन्दोलनका क्रममा क्षतिग्रस्त बालकोट निवास ओलीले एक वर्षपछि अवलोकन गरे । त्यही भग्नावशेषको प्रसंगमा उनकी पत्नी राधिका शाक्यले 'सपनाको भग्नावशेष' पुस्तक प्रकाशन गरेकी छन् ।

भग्नावशेष घरबाटै पुस्तक लोकार्पण गर्दै उनले वालेन्द्र शाह नेतृत्वको सरकारलाई 'खराने ग्याङ'को संज्ञा दिइन् । 'खराने ग्याङ'को सरकारले आफूहरूलाई एक वर्षसम्म निरन्तर अत्याचार गरिरहेको उनको टिप्पणी थियो ।

सेनाको ब्यारेकबाट फर्किएपछि पनि ओलीले त्रासमय अवस्थामा एक वर्ष बिताएको शाक्यको भनाइ छ । '१० दिनको सेनाको ब्यारेकभित्रको बसाइपछि हामी गुन्डु आइपुग्यौं,' उनले भनिन्, 'यो ठाउँ सूर्यविनायक नगरपालिका वडा नम्बर ७ (साविक भक्तपुर-२)मा पर्छ । अहिले हामी त्यही बसेका छौं । यहाँबाट पनि हामीलाई स्थानीय जनताले लखेटून् भनेर अनेकौं हल्ला र मिडिया ट्रायल गरियो । हाम्रो घरबेटी भाइलाई घर बेच्नसम्मको दबाब दिए ।'

वालेन्द्र शाहको सरकार आएपछि ओली पक्राउ परे । १३ दिन हिरासतमा बसेपछि अदालतको आदेशमा छुटे ।

आन्दोलनमा जलाइएको ओलीको घर ट्रस्ट बनाएर राज्यलाई दिइसकेका छन् । आफ्नो शेषपछि राज्यको हुने गरी दिएको उक्त घर अहिले भग्नावशेष छ ।

बालकोट, तेह्रथुम र झापामा जलाइएका तीन घरमध्ये झापाको घर सामान्य मर्मत भए पनि अरू त्यत्तिकै छन् । स्थानीयका अनुसार ओली गुन्डु बसेपछि त्यहाँका घर-कोठा भाडामा लाग्न थालेका छन् ।

**आफ्नै घरमा फर्किए नेपाल**

अर्का पूर्वप्रधानमन्त्री माधवकुमार नेपालको कोटेश्वरस्थित निवास पनि आन्दोलनमा जलाइयो । लामो समय भाडामा बसेका नेपाल अहिले आफ्नै जलेको घर मर्मत सम्भार गरेर बस्न थालेको नेपालनिकटका नेताहरूले बताएका छन् ।

राष्ट्रपति रामचन्द्र पौडेलको बोहोराटारस्थित निवास र पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको घरसमेत आगलागीबाट पूर्ण रूपमा क्षतिग्रस्त भएका थिए । ती घरहरू मर्मत भएका छैनन् ।

राष्ट्रपति पौडेलले जीवनकालका सबै लगानी गरेर बनाएको बोहोराटारको घर जलेर नष्ट भएपछि पदावधि सकिएपछि कहाँ बस्ने भन्ने विकल्पको खोजीमा रहेको पारिवारिक स्रोतले जनाएको छ । पूर्वराष्ट्रपति भण्डारीको चपलीस्थित भाडाको घर जलेदेखि उनी बालुवाखानीमा अर्को भाडाको घरमा बस्दै आएकी छन् ।

घर जल्नु केवल इँटा, ढुंगा र फलामको क्षति मात्र होइन । यो व्यक्तिको सम्पत्तिको अधिकारसँग जोडिएको विषय पनि हो । नेपालको संविधानको धारा २५ मा व्यक्तिको सम्पत्तिको हकसम्बन्धी व्यवस्था छ । निजी वा सार्वजनिक सम्पत्तिको क्षतिलाई गम्भीर अपराधका रूपमा लिनुपर्ने मानव अधिकार तथा शान्ति समाजकी अध्यक्ष रेणुका पौडेल बताउँछिन् । 'निजी होस् वा सार्वजनिक सम्पत्तिमाथिको क्षति गम्भीर अपराध हो,' उनले भनिन्, 'यसमा जसरी सरकारले भदौ २३ को सन्दर्भमा अनुसन्धान गर्ने भनेको छ, त्यसैगरी २४ को क्षतिको पनि अनुसन्धान र छानबिन हुनुपर्छ ।'

जेनजी आन्दोलनका क्रममा भएको सम्पत्ति क्षतिको विषयमा सरकारले अग्रसरता नदेखाए संसदीय समिति बनाएर संसद्ले विस्तृत अनुसन्धान गर्नुपर्ने उनको भनाइ छ । 'यो मुद्दालाई सरकारले नजरअन्दाज गर्दा संसदीय छानबिन समिति बनाएर विस्तृत अनुसन्धान र कारबाहीको प्रक्रियामा जानुपर्छ,' उनले भनिन्, 'संसद्ले पनि अग्रसरता नदेखाउँदा यो घटना अन्तर्राष्ट्रिय मानव अधिकारको विषय बन्न सक्छ ।'

सरकारले भदौ २३ को घटनाको छानबिन र कारबाहीलाई आफ्नो १०० दिने कार्यसूचीमा राखेको थियो । तर २४ को विध्वंसका सवालमा सरकार खासै बोलेको छैन । जेनजी आन्दोलनका २३ र २४ गतेका घटनालाई छुट्टाछुट्टै ढंगले अनुसन्धान र कारबाही गर्नुपर्ने माग सत्तापक्षबाहेकका सबै राजनीतिक दलले गर्दै आएका छन् ।

**आन्दोलनमा घर जलाइएका शीर्ष नेताहरू**

नेपाली कांग्रेस : शेरबहादुर देउवा (बुढानीलकण्ठ, डडेलधुरा), पूर्णबहादुर खड्का, गगन थापा, विश्वप्रकाश शर्मा, प्रकाशमान सिंह, दीपक खड्का, रमेश लेखक, विनोद चौधरी ।

नेकपा (एमाले) : केपी शर्मा ओली (बालकोट, तेह्रथुम, झापा तीनै घर), पृथ्वी सुब्बा गुरुङ, गोकुल बाँस्कोटा, महेश बस्नेत, विष्णुप्रसाद पौडेल, पदम गिरी, सुरेन्द्र पौडेल, शंकर पोखरेल, ईश्वर पोखरेल, रघुवीर महासेठ, योगेश भट्टराई, गोर्कण विष्ट, सूर्य थापा, कोमल वली ।

नेपाली कम्युनिस्ट पार्टी : पुष्पकमल दाहाल 'प्रचण्ड' (खुमलटार र चितवन शिवनगर), माधवकुमार नेपाल, झलनाथ खनाल, गंगा दाहाल, नारायणकाजी श्रेष्ठ, नन्दबहादुर पुन, कृष्णबहादुर महरा, अग्निप्रसाद सापकोटा, माधव सापकोटा (सुबोध), रामनारायण बिडारी ।

अन्य दल : शरदसिंह भण्डारी (लोकतान्त्रिक समाजवादी पार्टी), उपेन्द्र यादव (जनता समाजवादी पार्टी, नेपाल), प्रदीप यादव (जनता समाजवादी पार्टी, नेपाल), रेशमलाल चौधरी (नाउपा संरक्षक)- घरमा लुटपाट र आगजनी ।

**भाडाको...**

उपचारकै लागि फागुन १३ मा फेरि सिंगापुर गएका देउवा साउन २६ देखि नेपालमा छन् । आफ्नो घर नभएपछि उनी अहिले पनि महाराजगन्जस्थित चुनदेवीमा भाडाको घरमा बस्दै आएको उनका स्वकीय सचिव भानु देउवाले बताए । श्रीमती आरजू देउवा राणा भने स्वदेश फर्किएकी छैनन् ।

आन्दोलनमा जलेको बुढानीलकण्ठस्थित देउवा निवास पुनर्निर्माणका लागि भत्काइए पनि सरकारले पुनर्निर्माणमा रोक लगायो । तीन दशकभन्दा पुरानो उक्त निवास अहिले भग्नावशेष अवस्थामा रहेको उनको सचिवालयले जनाएको छ । डडेलधुरास्थित घरसमेत जलाइएपछि देउवा घरविहीन छन् ।

**म सुकुम्वासी...**

विध्वंसकारीले घरबारविहीन बनाएको एउटा सुकुम्वासी हुँ । मेरो विकल्प अब क्रान्तिबाहेक केही छैन ।' आफ्नो घर मर्मत सम्भार गरेर बस्न सक्ने अवस्थामा नरहेको उनले बताए । जलाइएको घर अहिले पनि भग्नावशेषमै छ ।

**डिएनए...**

चितवन, पूर्वी नवलपरासी र पश्चिम नवलपरासीसम्म शव भेटिएका छन् । केही शव भारतसम्म पुगेको बताइएको छ ।

राष्ट्रिय विधि विज्ञान प्रयोगशालाका वरिष्ठ वैज्ञानिक अधिकृत मुकुल प्रधानका अनुसार मृतकका आफन्तको डिएनए नमुना काठमाडौंमा नेपाल प्रहरी अस्पतालमार्फत र काठमाडौं बाहिर सम्बन्धित जिल्ला प्रहरी कार्यालयको समन्वयमा लिइँदै छ । शवबाट प्राप्त नमुना र आफन्तबाट संकलित नमुना परीक्षणपछि पहिचानको प्रक्रिया अघि बढाइनेछ ।

उनका अनुसार अहिलेसम्म प्रयोगशालामा एक हजारभन्दा धेरै नमुना संकलन भइसकेका छन् । 'एक हजारभन्दामाथि नमुना संकलन भएको छ,' उनी भन्छन्, 'यो संख्या धेरैमाथि जान सक्ने आकलन छ ।'

पहिलो चरणको परीक्षणबाट पहिचान हुन नसके दोस्रो चरणको नमुना पनि संकलन गर्नुपर्ने भएकाले प्रक्रिया केही लामो हुन सक्ने उनले बताए । 'नमुनालाई प्रोफाइलिङ गरेपछि पहिचानको प्रक्रिया अघि बढ्छ । शव आफन्तकै हो भनेर चिन्न सक्ने अवस्था भएन भने नमुना दोस्रो चरणमा जाँच गर्नुपर्ने हुन्छ । त्यसलाई कसरी गर्ने भन्ने विषयमा छलफल भइरहेको छ,' उनले भने ।

नेपाल प्रहरीको विधि विज्ञान प्रयोगशालामा पनि शव र परिवार गरी दुई हजारभन्दा बढी नमुना पुगिसकेका छन् । केन्द्रीय प्रहरी प्रवक्ता काफ्लेका अनुसार शुक्रबार अपराह्नसम्म दुवै निकायबाट प्राप्त तथ्यांकअनुसार एकमुष्ट तीन हजार २३ डिएनए नमुना संकलन भएको छ । यसमध्ये शव तथा आंशिक अंगबाट एक हजार २८६ र आफन्तबाट एक हजार ७३७ नमुना संकलन गरिएको हो ।

अहिले नेपालमा दुईवटा संस्थाले मात्र संकलित डिएनए नमुना परीक्षण गर्दै आएका छन् । विपत्तिको अवस्थाबाहेक नेपाल प्रहरीको केन्द्रीय विधि विज्ञान प्रयोगशालामा सामान्य अवस्थामा वर्षमा करिब सातदेखि आठ सय डिएनए परीक्षण हुने गरेको थियो । त्यस्तै, राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा महिनामा करिब ३५० नमुना परीक्षण हुँदै आएको थियो ।

तर अहिले एक महिना नबित्दै यी दुई संस्थामा तीन हजारभन्दा बढी नमुना संकलन भइसकेका छन् । यसले दुवै सरकारी प्रयोगशालामाथि नियमित क्षमताभन्दा धेरै परीक्षणको दबाब बढाएको छ ।

बाढीपछि ठूलो संख्यामा शव र डिएनए नमुना संकलन भएकाले नियमित क्षमताभन्दा बढी काम गर्नुपर्ने अवस्था आएको प्रयोगशालाका अधिकारीहरू बताउँछन् । शव पहिचानको प्रक्रिया लामो हुन सक्ने भएकाले परीक्षणको चाप अझ बढ्ने देखिएको छ ।

डिएनए विज्ञ तथा राष्ट्रिय विधि विज्ञान प्रयोगशालाका पूर्वप्रमुख डा.जीवन रिजालका अनुसार दुवै प्रयोगशालामा आवश्यक जनशक्ति पर्याप्त छैन । डिएनए परीक्षणमा प्रयोग हुने रसायन तथा रि-एजेन्ट महँगो हुने भएकाले तिनको नियमित आपूर्ति पनि उत्तिकै महत्त्वपूर्ण हुने उनले बताए । 'प्रयोगशालामा जनशक्ति नै कम छ । परीक्षणका लागि आवश्यक सामग्री समयमै उपलब्ध नभए काम प्रभावित हुन सक्छ,' रिजालले भने ।

नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशालाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक योगबहादुर पालका अनुसार शवबाट संकलित नमुना सुरक्षित राखेर परीक्षणको प्रक्रिया अघि बढाइएको छ । आफन्तबाट संकलित नमुना पनि प्रयोगशालामा प्राप्त हुने क्रम जारी रहेको उनले बताए ।

'प्राप्त नमुनालाई सुरक्षित रूपमा भण्डारण गर्दै परीक्षणका लागि आवश्यक सबै मापदण्ड पूरा गरिएको छ,' उनले भने, 'संकलित नमुनालाई सुरक्षित भण्डारण गर्नुका साथै परीक्षणसम्बन्धी सम्पूर्ण मापदण्ड पूरा गरी डिएनए परीक्षणमा अहोरात्र खटिएर कार्य गरिरहेका छौं ।'

उनका अनुसार, बाढीपछि सामान्य अवस्थाको तुलनामा डिएनए परीक्षणका लागि आउने नमुनाको चाप उल्लेख्य रूपमा बढेको छ । शवबाट लिइएको नमुना र मृतकका आफन्तबाट संकलित नमुना परीक्षण गरी मिलान गरेपछि मात्र पहिचान पुष्टि गर्न सकिने भएकाले प्रयोगशालाले प्राप्त नमुनालाई प्राथमिकताका साथ परीक्षण गरिरहेको छ ।

भारत, चीन, कोरिया, सिंगापुरलगायत देशबाट आएका डिएनए, जीवविज्ञान तथा रक्तसम्बन्धी परीक्षणका विशेषज्ञहरूले समेत नमुना संकलनमा सहयोग गरिरहेका छन् । विदेशी विशेषज्ञको प्राविधिक दक्षता र अनुभवको उपयोग गर्दै डिएनए परीक्षणलाई विश्वसनीय, प्रभावकारी तथा शीघ्र रूपमा सम्पन्न गर्ने काम भइरहेको नेपाल प्रहरीले जनाएको छ । यसका लागि नेपाल प्रहरीका प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले विशेष निर्देशन तथा निगरानी गरिरहेका छन् ।

यी दुई संस्थाले सामान्य अवस्थामा वार्षिक रूपमा करिब एक हजार हाराहारीमा डिएनए परीक्षण गरिरहेका थिए । अहिलेको अस्वाभाविक चाप कसरी थेग्लान् भन्ने प्रश्न पनि उठेको छ । एक महिनामै सामान्य वार्षिक क्षमताभन्दा धेरै नमुना संकलन भएपछि परीक्षणको गति, जनशक्ति र आवश्यक सामग्री व्यवस्थापन चुनौतीपूर्ण बन्ने देखिएको छ ।

वरिष्ठ वैज्ञानिक अधिकृत प्रधान भने अहिले नमुना संकलनलाई पहिलो प्राथमिकता दिइएको बताउँछन् । नमुना संकलनपछि परीक्षण तथा पहिचानको बाँकी प्रक्रिया कसरी अघि बढाउने भन्ने विषयमा छलफल गरिने उनको भनाइ छ ।

**ओली...**

धारणा राख्ने उनले बताए । पार्टी अध्यक्ष ओलीले एमालेका पुराना नेताहरूलाई छाडेर माओवादी पृष्ठभूमिका नेता बादललाई एकपछि अर्को जिम्मेवारी थप्दै जानुले पनि एमालेमा विभाजनको रेखा देखिएको हो । पछिल्लोपटक ओलीकै टिममा रहेका उपाध्यक्ष विष्णु पौडेल, महासचिव शंकर पोखरेलसहितका नेताहरू अहिले ओलीको खिलाफमा छन् । उनीहरू ओलीभन्दा बादलसँग थप चिढिएका छन् । पार्टी नेतृत्वले 'ग्रेसफुल एक्जिट'को वातावरण बनाएर पार्टीलाई नयाँ ढंगले लैजानुपर्ने सुझाव भूगोलबाट आएको ती नेताहरूको दाबी छ ।

पार्टी पुनर्गठनबारे तल्लो तहका नेता तथा कार्यकर्ताले दिएका सुझावलाई छलफलको विषय बनाइनुपर्ने भन्दै महासचिव शंकर पोखरेल र उनीनिकट नेताहरूले दबाब दिँदै आएका छन् । कार्यदलका सदस्यसचिव एवं पार्टी महासचिव पोखरेलले कार्यकर्ताबाट आएका ती सुझावसमेत अनुसूचीमा राखेर प्रतिवेदन तयार पारेका छन् ।

राजधानीसहित आठ प्रदेश, विभाग एवं निकाय, जनसंगठन, सल्लाहकार, सम्पर्क समन्वय र प्रवासबाट लिइएका सुझावलाई छुट्टाछुट्टै शीर्षकमा राखिएको छ । उक्त प्रतिवेदनमाथि छलफल भए ओलीले पार्टी नेतृत्वबाट मार्गप्रशस्त गर्नुपर्ने पक्षमा बहुमत जुट्ने पोखरेल पक्षको दाबी छ ।

सातवटै प्रदेशस्तरीय अध्ययनपछि आएको सुझावमा अधिकांशले पार्टी नेतृत्वको विकल्पबारे सुझाव दिएको पाइएको छ । कर्णाली प्रदेशले अध्यक्ष ओलीलाई सम्मानजनक बहिर्गमनको बाटो रोज्न आग्रह गरेको छ । 'निर्वाचनमा व्यहोरेको अकल्पनीय पराजयको मुख्य जिम्मेवारी मूल नेतृत्वले लिनुपर्ने र सम्मानजनक बहिर्गमनको बाटो रोज्नुपर्ने,' कर्णालीको सुझाव छ, 'जनमत गुमेका र असफल भएका नेताहरूले पार्टी चलाउनुहुँदैन, तसर्थ तलदेखि माथिसम्मका नेताहरूले त्याग गर्न तयार हुनुपर्ने ।'

सुदूरपश्चिम प्रदेशबाट प्राप्त सुझावमा पनि मूल नेतृत्वले जिम्मेवारी लिनुपर्ने निष्कर्ष आएको नेताहरूले दाबी गरेका छन् । 'समयको आवश्यकतालाई मध्यनजर गर्दै मुख्य नेतृत्वले जिम्मेवारी सहज रूपमा हस्तान्तरण गर्ने वातावरण बनाउनुपर्छ,' सुदूरपश्चिमले पठाएको सुझावमा भनिएको छ ।

संसद् पुनर्स्थापना कि निर्वाचन भन्ने विषयमा लामो समयसम्म द्विविधाका कारण कार्यकर्ता परिचालनमा समस्या देखिएको र चुनावी परिणाम कमजोर आएको गण्डकी प्रदेशले निष्कर्ष निकालेको छ । अन्य प्रदेशबाट आएका सुझावसमेत करिब-करिब मिल्दोजुल्दो रहेको एमालेका नेता किरण थापाले बताए । त्यस्तै, केन्द्रीय सल्लाहकार, आयोग, विभाग र प्रवासबाट पनि ओलीलाई नेतृत्व छाड्न सुझाव दिइएको छ । 'पार्टीको भविष्यका लागि मूल नेतृत्व (पार्टी अध्यक्ष)ले स-सम्मान नेतृत्व छाड्नुपर्छ र मार्गप्रशस्त गरेर बिदा लिनुपर्छ,' सल्लाहकारहरूको सुझाव छ ।

प्रवास र आयोगहरूले दोस्रो, तेस्रो र चौथो पुस्ताका योग्य, स्वच्छ छवि भएका र परिपक्व युवा एवं महिलाहरूलाई नेतृत्वको अग्रभागमा ल्याउन सुझाव दिएका छन् । 'पुराना तथा लामो समय नेतृत्वमा रहेका नेताहरूले नयाँ र तेस्रो पुस्ताका लागि त्याग गरी मार्गप्रशस्त गर्नुपर्छ,' प्रवासबाट आएको सुझावमा भनिएको छ । तर, उपाध्यक्ष बादलले भने अहिलेको अवस्थामा पार्टी नेतृतवको विकल्प खोजिहाल्ने अवस्था नरहेको निचोड निकालेका छन् । महासचिव पोखरेलले भने यसअघि तयार पारेको प्रतिवेदन छलफल नै नभई नेतृत्वलाई बुझाइएको र नेतृत्वको निर्देशनमा पुनः लेखन गरिएको भन्दै असन्तुष्टि जनाउँदै आएका छन् ।

कार्यदलमा प्राप्त सुझावअनुसार मधेस प्रदेश, सम्पर्क समन्वय र जनसंगठनबाहेक सबै प्रदेशबाट यथास्थितिमा पार्टी चल्न नसक्ने सुझाव आएको नेताहरूको दाबी छ । चुनाव हार्नुको कारण नेतृत्वको अभिव्यक्ति, पार्टी निर्णय र सञ्चालन प्रणालीलाइ देखाइएको सुझावमा उल्लेख छ ।

**एफडब्लुसिएमएसबाट...**

कम्पनीविरुद्ध कठोरताका साथ लागिरहेको बताए । अध्यक्ष खत्रीले नाम समावेश भएका व्यवसायीहरू तत्कालै एफडब्लुसिएमएसबाट पछि हट्नुको विकल्प नरहेको बताए । उनले व्यवसायीहरू नेपाल सरकारको सहमति र अनुमति बिना जुन सम्बन्ध र सम्पर्क प्रयोग गरी मलेसियाको एफडब्लुसिएमएसमा प्रवेश गरेको हो, सोही सम्बन्ध र सम्पर्क प्रयोग गरेर फिर्ता हुन सक्ने बताए ।

अध्यक्ष खत्रीले भने, 'कतिपय व्यवसायी केही नजानेको - नबुझेको जस्तो गरिरहनुभएको छ, त्यस्तो होइन । उहाँहरूले आफ्नो कम्पनीलाई सहायक कम्पनीका रूपमा राखेका म्यानपावर कम्पनीका विरुद्ध उजुरी दिनुपर्छ ।'

अध्यक्ष खत्रीले नेपालको संविधानको धारा ५१(घ)(४)ले आर्थिक क्षेत्रमा निष्पक्षता, जवाफदेहिता र प्रतिस्पर्धा कायम गर्ने नीति अवलम्बन गर्न तथा धारा ५१(घ)(७)ले कालोबजारी, एकाधिकार, कृत्रिम अभाव तथा प्रतिस्पर्धा सीमित गर्ने गतिविधिको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाउने राज्यको नीति स्पष्ट गरेको बताए । प्रतिस्पर्धा प्रवर्धन तथा बजार संरक्षण ऐन, २०६३ ले प्रतिस्पर्धा सीमित वा नियन्त्रण गर्ने सम्झौता तथा बजार प्रवेश रोक्ने अभ्यासलाई निषेध गरेको उल्लेख गर्दै उनले मलेसियाको सिन्डिकेटको विषय अब संवैधानिक प्रश्नका रूपमा खडा भएको दाबी गरे । प्रतिस्पर्धा प्रवर्धन तथा बजार संरक्षण ऐनको दफा ४ ले प्रभुत्वशाली हैसियतको दुरुपयोग गर्न नहुने व्यवस्था गरेको र दफा ७ ले एकलौटी कारोबार तथा दफा ८ ले बजार सीमित गर्ने कार्यलाई निषेध गरेको भन्दै उनले केही व्यवसायी बजार कब्जा गर्ने उद्देश्यबाट पछि नहटे सिंगो बजार नै संकटमा पर्न सक्ने खतरा रहेको पनि बताए ।

संघको आग्रहमा मन्त्रालयले विभागलाई मुख्य २५ म्यानपावर कम्पनीहरूको स्थापनाकालदेखिको कारोबार छानबिन गर्न, ती कम्पनी मातहत रहेका २५० म्यानपावरलाई सूचीमा पर्नुपर्ने कारणसहित स्पष्टीकरण सोध्न तथा मलेसियाको पूर्वस्वीकृति मागपत्र स्वीकृत नगर्न भनेको छ । त्यस्तै, मलेसियास्थित नेपाली दूतावासले २५ म्यानपावर कम्पनीको मागपत्र प्रमाणीकरण रोकेको बताइएको छ । विभागले कारबाहीका विवरण भने सार्वजनिक गरेको छैन ।

**भिजिट...**

काठमाडौंबाट हवाई यात्रा सुरु गर्ने, त्यसपछि शारजाह र दुबई ट्रान्जिट बनाएर ती मुलुकको यात्रा नगरी अलपत्र पर्ने गरेको विज्ञप्तिमा उल्लेख छ । महावाणिज्यदूतावासले नितान्त ठगीको उद्देश्यले निकालिएका व्यक्तिगत श्रम भिसाको प्रयोग गरेर युएई आउने र कम्पनीसँग सम्पर्क हुन नसकी वा कम्पनीले बेवास्ता गरी अलपत्र पर्ने गरेको घटना बढेको बताएको छ ।

नेपालमा ठूलो रकम बुझाई युएईको भिजिट भिसा प्राप्त गर्ने र युएई आएपछि काम खोज्ने सोचका कारण पुनः दलालको फन्दामा परी ठगी एवं कानुनी झमेलामा परेकाहरूबाट उल्लेख्य संख्यामा गुनासो प्राप्त हुने गरेको पनि महावाणिज्यदूतावासले जनाएको छ ।

यस किसिमका ठगीबारे सचेत रहनु र ठगीबाट बच्नुको कुनै विकल्प नभएको भन्दै महावाणिज्यदूतावासले रोजगारीका लागि युएई जान चाहने नेपाली नागरिकहरूलाई भिजिट भिसाबाट नभई संस्थागत रोजगार भिसाको सुरक्षित बाटो अपनाउन अनुरोध गरेको छ ।

स्थापित र भरपर्दो रोजगारदाता कम्पनीमा आफ्नो योग्यता र अनुभव मिल्ने उच्च सीपयुक्त काम, आफूले यसअघि रोजगारी गरिसकेको भरपर्दो कम्पनीको काम र युएईमा रहेका आफ्नै परिवारका सदस्यले पहल गरी खोजिदिएको विश्वासिलो कम्पनीको कामबाहेक व्यक्तिगत रोजगार भिसामा युएई नआउन पनि आग्रह गरिएको छ ।

नेपाल सरकार
वैदेशिक रोजगार विभाग, काठमाडौं
दावी विरोध सम्बन्धी सूचना
प्रकाशित मिति २०८३/०५/२७
यस विभागबाट वैदेशिक रोजागर व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था श्री VICTORY NEPAL (P.) LTD. (इ.प.नं. ९११/०६७/६८) काठमाण्डौको साविकको नाम परिवर्तन गरी OXFORD GLOBAL HR SOLUTION PVT. LTD. (**अक्सफोर्ड ग्लोबल एच.आर.सोलुसन प्रा.लि.**) काठमाण्डौ कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको नाम परिवर्तन गर्दा कोहि कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता तथा समन्वय शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

मध्यान्ह
www.madhyanhadaily.com



# अजय र पूजाको त्यो अन्तिम ११ मिनेट

## दुई महिनाकी छोरी पर्खिरहेकी छिन् बुवाको भिडियो कल

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, २६ भदौ



शुक्रबार कुशे औंशी। बुवाको मुख हेर्ने दिन। धनुषाको कमला नगरपालिका-६ का अजयप्रसाद सिंहकी दुई महिनाकी छोरीले भने बुवाको मुख हेर्न पाइनन्। अजय १६ दिनदेखि बेपत्ता छन्।

भदौ १० मा रसुवामा आएको बाढीले अजयलाई उनी कार्यरत पावर हाउससहित बगाएको थियो। त्रिशूली हाइड्रो पावरको ठेकेदार कम्पनी यूटी डुसनमा कार्यरत उनी त्यसयता सम्पर्कविहीन छन्।

दुई महिनाकी छोरी हरेक बिहान-साँझ बुवा खोज्छिन्। भिडियो कलमा बुवालाई हेर्ने उनको बानी थियो। अहिले बुवाको प्रतीक्षामा रुन्छिन्। काखमा छोरी च्यापेकी पूजा श्रीमान्को प्रतीक्षामा छिन्। 'हरेक बिहान छोरीको मुख नहेरी, नबोली दिनको सुरुवात हुँदैनथ्यो,' उनले भनिन्, 'छोरी सुतेको छ भने पनि उठाएर बोल्नै पर्थ्यो। अहिले छोरीले बुवा खोज्छिन्, म कसरी देखाऊँ ?'

शुक्रबार धेरैले सामाजिक सञ्जालमा बुवाको फोटो राखेर शुभकामना दिए। पूजा भने श्रीमान् सकुशल फर्किऊन् भनेर भगवान्सँग प्रार्थना गरिरहेकी थिइन्। उनले फेसबुकमा लेखिन्, 'आजको दिन मेरी छोरीलाई उनका बुवाको मुख देखाइदिनुहोस्। जसरी पनि, जहाँ हुनुहुन्छ त्यहाँबाट सकुशल मेरी छोरी र मेरो काखमा फर्काइदिनुहोस्। मेरी छोरीले आफ्नो बाबालाई भेट्ने सौभाग्य पाऊन्। भगवान्, आज मेरो एउटै प्रार्थना छ, मेरो छोरीलाई उनका बुबा फर्काइदिनुहोस्।'

पूजाले श्रीमान्ले काम गर्ने पावर हाउस बाढीले बगाएको दृश्य फेसबुकमा देखेकी छन्। बाढी आउनुभन्दा ११ मिनेटअघि अजयसँग उनको कुरा भएको थियो। त्यसबेला अजय कार्यालयमै थिए। त्यसपछि सम्पर्क भएन।

**'साइरन आउँछ, सुरक्षित छ'**

अजय त्रिशूली किनारमा क्याम्प बनाएर काम गर्थे। कामको जोखिमबारे पूजा बेलाबेला चिन्ता गर्थिन्। 'त्रिशूली साइडमै क्याम्प बनाएर बस्नुहुन्छ, कस्तो जोखिम छ ?' उनले सोध्ने गर्थिन्।

अजय उनलाई सम्झाउँथे, 'त्यस्तो केही छैन, बाढी आउनुभन्दा पहिले साइरन आउँछ। सूचना र पूर्वकार्यहरू हुन्छन्। भाग्नुपरे गाडी भाडामा लिएर राखेका छौं, सुरक्षित छ। अजयले भनेजस्तै बाढी आउनुअघि साइरन बज्यो कि बजेन ? सूचना आयो कि आएन ? पूजालाई थाहा छैन। तर बाढीले अजयले काम गरिरहेकै पावर हाउस बगायो।

अजयसँगको अन्तिम कुराकानी पूजाको मनमा बारम्बार आउँछ। 'बाढी आएको दिनको त्यो अन्तिम ११ मिनेटको संवादपछि यति लामो दूरी हुन्छ भन्ने थाहा पाएको भए, अझ धेरै सचेत गराउँथें होला,' उनले भनिन्।

विवाह गरेर भर्खरै गृहस्थी बसाल्ने बेला यस्तो विपत्ति आउला भन्ने उनले सोचेकी थिइनन्। छोरीसँग बिताएका हरेक पल अजयले मोबाइलमा कैद गरेका थिए। अहिले तिनै तस्बिरले उनलाई झन् सताउँछन्। अजयको खोजीका लागि उनले आफ्नो तर्फबाट सक्दो प्रयास गरेकी छन्। मन्दिरका देवीदेवता भाक्ने, प्रहरी प्रशासन र सरकारलाई दबाब दिने गरिरहेकी छन्।

'छोरीबिना एकछिन पनि बस्न नसक्ने मान्छे आज बेपत्ता हुनुहुन्छ,' उनले भनिन्, 'हाम्रो खुसीका लागि कमाउन जानुभएको तपाईंलाई यस्तो दिन भोग्नुपर्छ भनेर थाहा भएको भए, कहिल्यै जान दिन्थिनँ होला।'

**'आशा मार्न सकिरहेकी छैन'**

पूजाले मैलुङ बजार क्याम्पवरिपरिका सम्भावित क्षेत्रमा खोजी गर्न आग्रह गरेकी छन्। उनका अनुसार ठाडे गाउँ, राम्चे, ग्रान्ड, बटार, कालिकास्थान, धुन्चे, बोर्ले, यार्सा, मैलुङ डाँडा तथा आसपासका जंगल र पहाडी क्षेत्रमा समेत खोजी आवश्यक छ। सम्बन्धित कम्पनी, प्रशासन, सुरक्षा निकाय, स्थानीय तह, विपद् व्यवस्थापन निकाय तथा राज्यका सबै जिम्मेवार पक्षलाई उनले खोजी तीव्र पार्न आग्रह गरेकी छन्।

'१० दिनसम्म पनि जीवित भेटिएका छन्, श्रीमान् पनि भेटिनुहुन्छ कि भन्ने आशा छ,' उनले भनिन्, 'अपर त्रिशूलीमा कार्यरत मानिसहरूको खोज तथा उद्धारमा ढिलाइ भइरहेको छ। मैले आशा मार्न सकिरहेकी छैन।'

पूजा दिनहुँ समाचार हेर्छिन्। उद्धारकर्मी घटनास्थल पुगे कि पुगेनन् भनेर खोजिरहन्छिन्। दुई महिनाकी छोरी भने अझै बुवाको भिडियो कल पर्खिरहेकी छन्। कुशेऔंशीमा अरूका छोरीले बुवाको मुख हेरे। अजयकी छोरीले भने बुवाको मुख हेर्न पाइनन्। पूजा भने अजय फर्किने आशामा छोरीलाई सम्हालेर पर्खिरहेकी छन्।

# काठमाडौं महानगरका तत्कालीन इन्जिनियरसहित ४ जनाविरुद्ध मुद्दा




**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले काठमाडौं महानगरपालिकाका तत्कालीन इन्जिनियर रामबाबु महतो (कोइरी)सहित ४ जनाविरुद्ध साढे ४ करोड रुपैयाँभन्दा बढीको सम्पत्ति शुद्धीकरण मुद्दा दायर गरेको छ। आयोगले शुक्रबार विशेष अदालत, काठमाडौंमा उनीहरूविरुद्ध आरोपपत्र दायर गरेको हो।

इन्जिनियर महतोले भ्रष्टाचार तथा गैरकानुनी माध्यमबाट आर्जन गरेको सम्पत्ति शुद्धीकरण गरेको पुष्टि भएपछि ४ करोड ४८ लाख ७९ हजार ८ सय ४१ रुपैयाँ बिगो कायम गरी मुद्दा दायर गरिएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिएका छन्।

यसअघि पनि महतोविरुद्ध २०८२ जेठ २६ गते ४ करोड ५८ लाख ९७ हजार ४०३ रुपैयाँ बराबरको गैरकानुनी सम्पत्ति आर्जन गरेको अभियोगमा विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर भई विचाराधीन रहेको थियो।

आयोगका अनुसार महतोले भ्रष्टाचारबाट कमाएको रकम आफ्नै तथा श्रीमती, साली रीना कुशवाहा र साढुभाइ कृष्ण प्रसाद मेहताका नाममा बैंक तथा सहकारी खातामा जम्मा गरेका थिए।

उक्त रकमबाट वास्तविक मूल्यभन्दा कम थैली कायम गरी नगद तथा बैंक चेकबाट जग्गा खरिद गर्ने, सहकारी तथा बैंक कर्जा एवं बैनाबट्टाको फर्जी कागजात बनाई रकमको तहकिएर सम्पत्ति शुद्धीकरण गरेको अनुसन्धानबाट खुलेको छ। साथै, सोही गैरकानुनी रकमलाई मुद्दती निक्षेपमा राखी प्राप्त ब्याजलाई वैध आम्दानीका रूपमा देखाउने झुटो सामर्थ्य खडा गरिएको समेत आयोगको विज्ञप्तिमा उल्लेख छ।

अख्तियारले महतोकी श्रीमती माला कुमारी महतोलाई अवैध सम्पत्तिको वास्तविक स्रोत लुकाउने र रूपान्तरण गर्ने कार्यमा संलग्न रहेको भन्दै मुख्य अभियुक्तसरह सजाय र जग्गा जफतको मागदाबी गरेको छ।

त्यसैगरी, महतोकी साली रीना कुशवाहा र उनका श्रीमान् कृष्ण प्रसाद मेहताले अवैध सम्पत्तिबाट जग्गा खरिद गर्न र सम्पत्तिको स्रोत बदल्न मतियारका रूपमा सहयोग गरेको पाइएकाले उनीहरूलाई सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ अनुसार मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय माग गरिएको छ।

# भोटेकोशी बाढीपीडितलाई कपिलवस्तुका मुस्लिम समुदायको २ लाख ७४ हजार सहयोग

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २६ भदौ



भोटेकोशी बाढीपीडितको राहत तथा पुनर्स्थापनाका लागि कपिलवस्तुको कृष्णनगर-झण्डानगर क्षेत्रका मुस्लिम समुदायले २ लाख ७४ हजार १४० रुपैयाँ सहयोग गरेका छन्।

जामिया सिराजुल उलूम अलसल्फियह झण्डानगरसहित मुस्लिम समुदायले संकलन गरेको रकममध्ये १ लाख २३ हजार १४० रुपैयाँ शुक्रबार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने गरी कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी जनार्दन शर्मालाई हस्तान्तरण गरिएको हो।

सोही अवसरमा डा.सलमान खाँले व्यक्तिगत रूपमा १ लाख ५१ हजार रुपैयाँ सहयोग गरेका छन्। यससँगै बाढीपीडितका लागि कुल २ लाख ७४ हजार १४० रुपैयाँ सहयोग भएको हो।

सहयोग हस्तान्तरण कार्यक्रममा जामिया सिराजुल उलूम अलसल्फियह झण्डानगरका अध्यक्ष शेख शमीम अहमद नदवी, प्रवक्ता मौलाना मशहूद खाँ नेपाली, डा.सलमान खाँ, शेख मुजीबुर्रहमान मदनी, मुस्तफा वकिललगायत सहभागी थिए।

जामियाका अध्यक्ष शेख शमीम अहमद नदवीले विपद्को समयमा पीडितको साथमा उभिनु मानवता र राष्ट्रिय दायित्व भएको बताए। बाढीबाट प्रभावित परिवारलाई तत्काल राहतसँगै पुनर्स्थापनाका लागि समेत सहयोग आवश्यक रहेको उनले बताए।

जामियाका प्रवक्ता मौलाना मशहूद खाँ नेपालीले विपद्को पीडा जात, धर्म वा समुदाय हेरेर नआउने बताए। संकटका बेला मानवताको आधारमा सबै एकजुट हुनुपर्ने धारणा राख्दै उनले सक्षम व्यक्ति तथा संस्थालाई समेत राहत अभियानमा जोडिन आग्रह गरे।

डा.सलमान खाँले प्राकृतिक विपद् कुनै एक समुदायको मात्र समस्या नभएको बताए। पीडितको उद्धार तथा पुनर्स्थापनामा राज्यसँगै नागरिक समाजको भूमिका महत्वपूर्ण हुने बताउँदै उनले आर्थिक रूपमा सक्षम व्यक्तिहरूलाई आफ्नो क्षमताअनुसार सहयोग गर्न आह्वान गरे।

शेख मुजीबुर्रहमान मदनीले विपद्मा परेकालाई समयमै सहयोग पुर्‍याउनु सामाजिक तथा मानवीय जिम्मेवारी भएको बताए। मुस्तफा वकिलले पनि सामूहिक प्रयास र सहकार्यबाट बाढीपीडित परिवारलाई राहत दिन सकिने बताए।

कृष्णनगर-झण्डानगर क्षेत्रका मुस्लिम समुदायबाट गरिएको सहयोगले विपद्को समयमा धार्मिक सद्भाव, सामाजिक उत्तरदायित्व र मानवीय एकताको सन्देश दिएको छ।

## तात्तिँदै वीरगन्ज, सुक्दै मधेश

# वीरगन्जको जलसतहको मुद्दा जोमसोममा उठाइँदै



**वीरगन्ज/मस-** 'तात्तिँदै वीरगन्ज, सुक्दै मधेश' नारासहित वीरगन्ज महानगरपालिकाको टोली जलवायु परिवर्तन सम्मेलनमा सहभागी हुन जोमसोम जाने भएको छ। मुस्ताङको घरपझोङ गाउँपालिकामा भदौ ३० र ३१ गते आयोजना हुने 'घरपझोङ जलवायु परिवर्तन सम्मेलन, २०८३' मा सहभागी हुन महानगरपालिकाको टोली भदौ ३० गते जोमसोम जाने भएको हो।

जलवायु परिवर्तनका कारण पछिल्लो समय तराई-मधेशमा बढ्दै गएको अत्यधिक तापक्रम र सुक्दै गएका खानेपानीका मुहानको गम्भीर समस्यालाई राष्ट्रिय मञ्चमा उठाउन महानगरले 'तात्तिँदै वीरगन्ज, सुक्दै मधेश' नारा तय गरेको छ। सम्मेलनमा सहभागी हुन जाने महानगरका प्रशासन प्रमुख कीर्ति सुवेदी र वातावरण शाखा प्रमुख राकेश साहलाई विशेष कार्यक्रमबीच बिदाइ गरिएको छ। वीरगन्ज महानगरपालिकाका कार्यवाहक प्रमुख इम्तियाज आलम र प्रमुख प्रशासकीय अधिकृत वसन्त बोहराले टोलीलाई शुभकामना दिँदै बिदाइ गरेका हुन्।

सो अवसरमा कार्यवाहक प्रमुख आलमले जलवायु परिवर्तनको असर हिमाली क्षेत्रमा मात्र सीमित नरहेको बताए। तराई-मधेशमा यसको प्रभाव अझ भयावह रूपमा देखिन थालेको उनले बताए।

वीरगन्जसहित सिंगो मधेशमा भूमिगत जलसतह घट्दा खानेपानीको चरम संकट पैदा भएको उनले बताए। जोमसोममा हुने भेलामार्फत मधेशले भोगिरहेको वातावरणीय संकट र तराईका वास्तविक समस्या दृढताका साथ प्रस्तुत गर्ने उनले बताए।

त्यस्तै, प्रमुख प्रशासकीय अधिकृत बोहराले सम्मेलनले देशका सबै स्थानीय तहलाई जलवायु अनुकूलनका रणनीति बनाउन एकीकृत मञ्च प्रदान गर्ने बताए।

हिमालदेखि तराईसम्मका स्थानीय तह एकै ठाउँमा उभिएर साझा रणनीति बनाउनु आजको आवश्यकता रहेको उनले बताए।

# अधिकृत र लेखापालविहीन हुँदा कर्मचारीले पाएनन् तलब

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २६ भदौ




रौतहटको मौलापुर नगरपालिका लामो समयदेखि प्रमुख प्रशासकीय अधिकृत र लेखापालविहीन बन्दा स्थानीय तहको दैनिक प्रशासनिक कामकाजदेखि विकास निर्माण र अत्यावश्यक जनसेवा प्रवाह पूर्ण रूपमा ठप्प बनेको छ। स्थानीय सरकारका प्रमुख प्रशासनिक तथा वित्तीय अधिकारीको अनुपस्थितिका कारण नगरपालिकाको खाता सञ्चालन हुन नसक्दा बहुआयामिक संकट पैदा भएको छ।

खाता सञ्चालन नहुँदा नगरपालिका अन्तर्गतका शिक्षक, कर्मचारी तथा स्वास्थ्यकर्मीहरूले विगत दुई महिनादेखि पारिश्रमिक पाउन सकेका छैनन्। तलब नपाएपछि कर्मचारी तथा शिक्षकहरू आर्थिक समस्यामा परेका छन् भने यसको सीधा असर सामुदायिक विद्यालयको पठनपाठन र स्वास्थ्य संस्थाको सेवामा परेको छ।

नगरपालिकाको वित्तीय प्रणाली ठप्प भएपछि विद्युत् मर्मतसम्भार विवाह दर्ता तथा विभिन्न प्रशासनिक भुक्तानी रोकिएका छन्। नगरभित्रको फोहोर व्यवस्थापन कार्य ठप्प हुँदा नाला जाम भई सरसफाइको गम्भीर समस्या उत्पन्न भएको छ। स्वास्थ्य क्षेत्रमा झन् गम्भीर असर परेको छ। इन्धन र मर्मत खर्च भुक्तानी नहुँदा एम्बुलेन्स सेवा पूर्ण रूपमा बन्द भएको छ। त्यसैगरी इन्टरनेट सेवा प्रदायकको बक्यौता रकम भुक्तानी नभएपछि लाइन काटिएको छ, जसका कारण वडा कार्यालयहरूबाट सम्पादन हुने सिफारिस सामाजिक सुरक्षा भत्ता नवीकरण व्यक्तिगत घटना दर्ता जस्ता सेवाहरूसमेत प्रभावित हुने जोखिम बढेको छ।

वर्तमान राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वको सरकार बनेको ६ महिना बितिसक्दा मौलापुर नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतले जम्मा ४० दिन मात्र कार्यालय उपस्थित भई काम गरेको पाइएको छ। बाँकी सम्पूर्ण अवधि नगरपालिका प्रशासनिक नेतृत्वविहीन अवस्थामा छ। स्थानीय तहमा प्रशासनिक स्थायित्व कायम गर्नुको सट्टा ६ महिनाको छोटो अवधिमा उपसचिव तहका तीन जना प्रमुख प्रशासकीय अधिकृत फेरिएका छन्।

यता गत असार मसान्तमा गरुडा नगरपालिकाबाट सरुवा भई मौलापुर आएका उपसचिव नीलमकुमार न्यौपाने भदौ ५ गतेदेखि कार्यालयमा अनुपस्थित रहेको स्रोतले जनाएको छ। उनी सेवाबाट राजीनामा दिने तयारीमा रहेको समेत बताइएको छ।

न्यौपानेको गैरहाजिरीले नगरपालिकाको प्रशासनिक रिक्ततालाई थप जटिल बनाएको छ। असार मसान्तजस्तो संवेदनशील समयमा प्रमुख प्रशासकीय अधिकृत नहुँदा मौलापुर नगरपालिकाको कुल बजेटको करिब ७५ प्रतिशत रकम फ्रिज भएको दाबी गरिएको छ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०४/११ मा दर्ता भएको **प्रा.लि.नं. २६५६३६** को **सान्भियो बिजनेश ग्रुप प्रा.लि.** को मिति २०८३/०५/१६ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटर: गोपाल खतिवडा (इजाजत नं. ६१५)**
**ठेगाना: का.म.न.पा.-९, काठमाडौं**
**सम्पर्क: ९८६३५४२२९०**

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**तेस्रो पटक प्रकाशित मिति २०८३/०५/२७**

यस कम्पनीको मिति २०८३।०५।१० मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **सेन्टर फर हेल्थ केयर रिसर्च एण्ड सर्भिस प्रा.लि. (दर्ता नं. १६३१३३)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०५।२२ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **सेन्टर फर ए.आई. रोबोटिक्स एण्ड इमर्जेन्ट टेक्नोलोजी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**पहिलो पटक प्रकाशित मितीः २०८३/०५/२७**

मिति २०८३/०५/१० गते सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **सन्तोष एण्ड शितल खाध उद्योग प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **स्मार्ट एग्रो एण्ड फुड इन्डस्ट्रिज प्रा. लि. (दर्ता नं.: ३०७४४१)** कायम गर्ने गरी मिति २०८३/०५/२४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**मलेसियामा रोजगार**

कम्पनी: ICHIA RUBBER INDUSTRY SDN. BHD. शहर: PINANG
पूर्व स्वीकृत मिति: २०८३/०१/२३ चलानी नं.: ६०२५४९७१ LT. No.: 341584 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Operator | 1 | 0 | स. काममा दक्ष | 1700 | ६४,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज ३ गते (19 September 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**क्याराभान एच.आर. सोलुसन प्रा. लि.**
टोखा-५, काठमाडौं, फोन: ०१-४०१६९८६ । ९८५१२३८८७३
E-mail: caravanhrsolution@gmail.com
श्रम इजाजत नं. १६५१/०८०/०८१

**मलेसियामा रोजगार**

कम्पनी : SHAN POORNAM GLOBAL SDN. BHD. शहर : PINANG
पूर्व स्वीकृत मिति: २०८३/०२/११ चलानी नं.: ६०२५५९७५ LT. No.: 342640 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/P.O. | 19 | 0 | स. काममा दक्ष | 1700 | ६४१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज ३ गते (19 September 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**CARAVAN EMPLOYMENT SERVICES PVT. LTD.**
बसुन्धारा, काठमाडौं, फोन: ०१-४०१६९९१, ४०१६९९२
E-mail: caravanwithyou@gmail.com| Website: www.caravannepal.com
श्रम इजाजत नं. ३६३/०५९/०६०

HUAWEI

Huawei Technologies Nepal Company Private Ltd is a telecommunication solution provider with long-term partnership with operators in Nepal. Working with our customers, we are committed to enriching people's lives through communication. Huawei is seeking for qualified candidates in following positions.

**VACANCY**

**1 Position: Project Strategic Advisor**

**No. of Person required: 1**

**Job Responsibilities:**
- Demonstrate up-to-date expertise in strategic planning of the project and apply this to the development, execution and improvement of action plans by providing advice and guidance to others in the application of information and best practices.
- Identify project needs and solutions within the context of the overall direction of a company including but not limited to internal project and external stakeholder management.
- Advise on communication management strategy including stakeholder analysis and procedures, means, frequency, format and records of communications with different stakeholders internal and external.
- Advise on the quality management strategy including quality standards, quality management procedures, quality assurance controls and activities and responsibilities.
- Advise on the configuration management strategy including management of version and change control of the various project deliverables.
- Advise on risk management strategy including risk identification, assessment, controls and mitigation.
- Communicate and coordinate with head office as required.

**Qualification:**
- Bachelor degree in related discipline with good knowledge of Project management.
- Minimum 3 years of work experience in related field.
- Should be a team player with a great attitude of being initiative.
- In depth understanding of global telecom industry.
- Should have strong interpersonal capability & leadership skill.
- Good proficiency in English language both spoken & written.

**Interested Candidates for all of the above positions are requested to send Job application, CV and copy of educational certificates at nepal@huawei.com by 18th September, 2026. Preference will be given to Nepalese citizens.**

संस्मरण

# ३८ वर्षपछिका गौरी सर



● मञ्जु भट्ट

*संसारमा ऋतु फेरिन्छ, समय फेरिन्छ, मानिसहरू पनि बदलिन्छन् । तर गौरी सर उस्तै देखिनुभो, जो मैले ३८ वर्षपछि अनुभव गरेँ । यो भेट मात्र भेट थिएन, शिक्षक र विद्यार्थीबीचको सम्बन्धको सेतु थियो । हराउन लागेको शिक्षक र विद्यार्थीको सम्बन्धको एउटा अध्याय थियो ।*

८५ वर्षको उमेरमा पनि गौरी क्षेत्री सरको सक्रियता जारी छ । नेपालभन्दा निकै टाढा अस्ट्रेलियाको बसाइ छ । आफूले लामो समय अँगालेको शिक्षण पेसा र आफ्ना विद्यार्थी भने गौरी सरबाट ओझेल परेका छैनन् । बढ्दो उमेर भएपछि जीवनमा अनेक जटिलता हुन्छन्, धेरैले धेरै कुरा भुल्दै जान्छन् । गौरी सर भने अपवाद हुनुहुन्छ । सर आफ्ना विद्यार्थीको सम्बन्धमा कति धेरै रुचि राख्नुहुन्छ ! संसारमा ऋतु फेरिन्छ, समय फेरिन्छ, मानिसहरू पनि बदलिन्छन् । तर गौरी सर उस्तै देखिनुभो, जो मैले ३८ वर्षपछि अनुभव गरेँ ।

काठमाडौंको मुख्य सहरको एउटा छेउमा रहेको कन्या स्कुल, ३८ वर्षअघि गौरी सर त्यस विज्ञान र गणितका शिक्षक हुनुहुन्थ्यो । विद्यालय र आफ्नो बाल्यकालका कुरा हुँदा गौरी सरको कुरा धेरैसँग गरिराख्थेँ । तर विद्यालयको पढाइ सकिएपछि यो साता पहिलोपटक भेट भयो गौरी सरसँग । यति लामो समयपछि सरसँग भेट्दा मन फुरुंग थियो ।


सरसँग भेट भएको यो क्षण मेरो जीवनकै अमूल्य क्षण थियो । म त्यस दिनको प्रतीक्षा व्यग्रताका साथ गरिरहेकी थिएँ । दिन नजिक आउँदै जाँदा म अझ बढी भावनामा डुबेँ । हम्मेसी कविता नलेख्ने म अघिल्लो दिन एक्कासि कवि बन्न पुगेँ । सरसँग भेट हुँदा त्यही कविता सुनाएँ ।

त्यसका केही पंक्ति यस्ता थिए-
ज्ञानको ज्योति छरेर,
हामीलाई उज्यालो बनाउनुभयो,
जन्म त सबैले पाए पनि,
जीवन जिउने बाटो देखाउनुभयो ।

सिंगो जीवन बाँच्नका लागि,
जीवनको हिसाब देखाउनुभो,
त्यतिबेला सिकाउनुभएको पाठले,
जीवनभरको विश्वास दिलाउनुभो ।

आफ्नो जीवनमा बुढ्यौली भए पनि उत्साह र उमंग गौरी सरसँग पटक्कै कमी थिएन । आफ्नो परिवारका कारण धेरै समय अस्ट्रेलिया बसे पनि नेपालप्रति उहाँको विशेष माया छ । सायद आवतजावत गर्न कठिन छ । तर उहाँको नेपालप्रतिको माया र प्रभावलाई जीवित र सक्रिय राख्न उहाँका परिवारका सदस्यहरूले निकै ख्याल गर्नुभएको रहेछ ।

शिक्षक र विद्यार्थीको सम्बन्धको धागो बेग्लै हुन्छ । आजको



समयमा यो सम्बन्ध कति मात्रामा जीवित छ, त्यो थाहा छैन तर हाम्रो पुस्ता शिक्षकको सम्बन्धमा नै हुर्कियो । आफ्नो विद्यालयका २५० भन्दा बढी विद्यार्थीलाई सरले यही वर्ष मात्र पनि भेट गर्नुभएछ । मसँग भेट हुँदा आफ्ना विद्यार्थीसँगको यो भेट आफ्नो जीवनका लागि अत्यन्त महत्त्वपूर्ण भएको पनि सरले बताउनुभयो ।

विद्यालयकै पूर्वविद्यार्थी बहिनी ऋतु जोशीको संयोजनले यसपटक गौरी सरसँगको भेट सम्भव भयो । तर यो भेट मात्र भेट थिएन । शिक्षक र विद्यार्थीबीचको सम्बन्धको सेतु थियो । आजकल हराउन लागेको शिक्षक र विद्यार्थीको सम्बन्धको एउटा अध्याय थियो । हामी पढेको कन्या स्कुल, सरले बाटो देखाएका सबै चेलीहरू आज विभिन्न ठाउँमा रहेर विभिन्न कामहरूमा व्यस्त छन् । तर गौरी सर धेरै विद्यार्थीका लागि उदाहरणीय पात्रका रूपमा हुनुहुन्छ ।

खासमा गौरी सर हिसाब पढाउनुहुन्थ्यो, तर खेलकुदका लागि पनि उहाँ छात्राहरूलाई अघि सार्नुहुन्थ्यो । कन्या स्कुल भएकाले पहिले खेलकुदमा खासै क्रियाकलाप हुँदैनथे । स्कुलमा ब्याडमिन्टन, भलिबल जस्ता खेलहरू सरले नै सुरु गराउनुभएको थियो । सरकै कारणले हाम्रो स्कुलले विभिन्न प्रतियोगितामा भाग लिने अवसर पाएको थियो । विद्यार्थीको सर्वांगीण विकासका लागि आफू जहिले पनि तत्पर हुनुहुन्थ्यो । यो संसारमा तीनवटा मात्र यस्ता नाता हुन्छन् जसले आफ्नो बच्चा आफूभन्दा अगाडि बढेको र नाम चलेको देखेर आफू जितेको अनुभव गर्दछन्- आमा, बुवा र शिक्षक । गौरी सर आज पनि आफ्ना विद्यार्थीहरूको बारेमा सोचिरहनुभएको छ ।

५-६ वर्ष अगाडिको कुरा हो, म पारिवारिक साथीहरूसँग कालिञ्चोक भ्रमणमा गएकी थिएँ । साँझ पर्दा कुरीमा बास बस्ने योजनाअनुसार हामी सबै गाडीबाट ओर्लियौं । त्यति नै बेला अर्को गाडीबाट उत्रिरहेकी एक महिलाले मलाई चिनिन् र बोलाइन् । उनी मेरो स्कुलकी साथी रहिछिन्, करिब ३५ वर्ष भइसकेको थियो होला । त्यसै क्रममा उनले मेरो नाम सोधिन् । उनले त मलाई नामले होइन, 'गौरी सरको फेभरेट विद्यार्थी' भनेर चिनेकी रहिछिन् । त्यसपछि त सरको कुरा धेरै भयो । मेरो मनभरि स्कुलको सम्झना भयो ।

३८ वर्षदेखि नभेटिएका मेरा गौरी सरलाई फेरि एकपटक भेट्न पाएँ । त्यसअघि बहिनी ऋतुको सहयोगले फोनमा कुराकानी भएको थियो । स्वर सुन्दा नै मनमा कति धेरै खुसी मिलेको थियो । उहाँमार्फत मैले अन्ततः सरको फोन नम्बर पाएँ । केही समयपछि सरले मलाई फोन गर्नुभयो र भेट्न बोलाउनुभयो । ३८ वर्षपछि आफ्ना गुरुबाट आएको त्यो निम्तो मेरा लागि साधारण निम्तो थिएन । त्यो मेरो जीवनकै एउटा अमूल्य क्षण थियो । सरले बोलाउनुभएको दिनको प्रतीक्षा म व्यग्रताका साथ गरिरहेकी थिएँ । दिन नजिकिँदै जाँदा मेरो उत्साह झन् बढ्दै गयो ।

यसरी ३८ वर्षपछि भएको यो भेटलाई शब्दमा लेख्न सजिलो छैन । गुरु र शिष्य आमने-सामने हुँदा हामी दुवै भावुक भयौं । आँखाले धेरै कुरा भनिरहेका थिए, जुन शब्दले भन्न सकिरहेका थिएनन् । आफ्नो उमेर र व्यस्तताका बाबजुद ३८ वर्षपछि आफ्नो एउटा विद्यार्थीलाई भेट्न सरले जुराएको अवसर मेरा लागि मूल्यवान् थियो । त्यस भेटमा नै मैले सरका बारेमा अर्को सुन्दर कुरा थाहा पाएँ । सर हरेक वर्ष नेपाल आउनुहुँदो रहेछ । नेपाल आएको बेला आफूले पढाएका विद्यार्थीलाई भेट्न समय छुट्याउनुहुँदो रहेछ । ऋतु जोशीलाई संयोजन गर्न लगाएर हरेक वर्ष आफ्ना विद्यार्थीहरूसँग भेटघाट गर्नु उहाँको नियमितजस्तै परम्परा रहेछ ।

सायद यही हो गुरुको महानता । हाम्रो समयका गुरुहरू, हाम्रो समयमा गुरु-शिष्यको सम्बन्ध केवल कक्षाकोठामा सीमित हुँदैनथ्यो । त्यसमा आत्मीयता थियो, अनुशासन थियो, माया थियो र जिम्मेवारीको गहिरो भावना थियो । गौरी सरले हामीलाई हिसाब पढाउनुहुन्थ्यो । तर उहाँको भूमिका एउटा विषय शिक्षकमा मात्र सीमित थिएन । उहाँले हाम्रो किताब मात्र हेर्नुभएन, हामीभित्रको सम्भावना पनि हेर्नुभयो । उहाँले हामीलाई कक्षाकोठाभित्र मात्र होइन, जीवनको मैदानमा पनि अगाडि बढ्न सिकाउनुभयो ।

हाम्रो समयका शिक्षकहरू विद्यार्थीलाई केवल विद्यालयका विद्यार्थी ठान्दैनथे । आफ्नै सन्तान जस्तै माया गर्दथे । विद्यार्थी विद्यालय परिसरभित्र होस् वा बाहिर, उसको भविष्यप्रति आफ्नो जिम्मेवारी सम्झन्थे । पछाडि परेका बालबालिकालाई कसरी अगाडि ल्याउने ? बाटो बिराउन थालेकालाई कसरी सही बाटो देखाउने ? उनीहरूको क्षमता कसरी चिन्ने र विकास गर्ने ? यी कुरा शिक्षकको कर्तव्य मानिन्थ्यो । त्यो केवल जागिर थिएन, बरु त्यो सेवा थियो र समर्पण थियो ।

बालबालिकाको जीवनको ठुलो हिस्सा विद्यालयमा बित्छ । विद्यालयमा उनीहरूले पुस्तकका अक्षर मात्र पढ्दैनन्, त्यहाँ उनीहरूले जीवन पनि सिकिरहेका हुन्छन् । शिक्षकको व्यवहार, अनुशासन, प्रोत्साहन, माया र विश्वासले उनीहरूको व्यक्तित्व निर्माण गरिरहेको हुन्छ । अभिभावकले जीवन दिनुहुन्छ, हुर्काउनुहुन्छ र माया गर्नुहुन्छ । तर जीवनको बाटो कसरी हिँड्ने, सही र गलत कसरी छुट्याउने, आफूभित्रको क्षमता कसरी चिन्ने र समाजमा कसरी उभिने भन्ने सिकाउने महत्त्वपूर्ण व्यक्तिमध्ये शिक्षक पनि हुन् ।

त्यसैले शिक्षकको प्रभाव विद्यालय सकिएपछि पनि सकिँदैन । कहिलेकाहीँ शिक्षकले कक्षामा बोलेको एउटा वाक्यले विद्यार्थीको जीवनको दिशा बदलिदिन्छ । कहिलेकाहीँ शिक्षकले दिएको एउटा अवसरले विद्यार्थीलाई आफ्नो क्षमता चिनाउँछ र कहिलेकाहीँ शिक्षकले गरेको एउटा विश्वासले विद्यार्थीलाई जीवनभर आफूमा विश्वास गर्न सिकाउँछ । गौरी सर हाम्रा लागि त्यस्तै शिक्षक हुनुहुन्थ्यो- जीवनको बाटो देखाउने । उहाँले हामीलाई केवल हिसाब सिकाउनुभएन, जीवनको हिसाब पनि सिकाउनुभयो । उहाँले केवल खेल खेल्न सिकाउनुभएन, जीवनको मैदानमा अगाडि बढ्न सिकाउनुभयो । उहाँले केवल पाठ्यपुस्तकका पाठ पढाउनुभएन, जीवनका पाठ पढाउनुभयो ।

कथा

# वेटर कला



● अजनबी शर्मा

साँझको ६ बज्नै लाग्दा कला ऐनाअगाडि उभिन्छे । अनुहारमा मेकअप गर्छे, कपाल मिलाउँछे, अत्तर छर्किन्छे र मास्क लगाउँछे । कोठामा केहीबेर उसको सुगन्ध बसिरहन्छ । त्यसपछि ऊ ढोका लगाएर निस्किन्छे ।

सुम्निमा ढोकासम्म पुगेर उसलाई हेर्छे ।

'आज पनि त्यहीँ ?'

'अँ ।'

'कति बजे फर्किनुहुन्छ ?'

कला मुस्कुराउँछे ।

'घडी हेरेर फर्किने भए त सजिलो हुन्थ्यो नि ।'

त्यति भनेर ऊ तल झर्छे ।

सुम्निमा झ्यालबाट केहीबेर उसलाई हेरिरहन्छे ।

कला उसकी फुपूकी छोरी हो । चार वर्षदेखि काठमाडौंमा छे । पढ्दै छे, काम पनि गर्छे । अनामनगरको एउटा सानो कोठामा बस्छे । अहिले सुम्निमा पनि त्यहीँ छे ।

सुम्निमा इलामको सुदूरपूर्वी गाउँबाट काठमाडौं आएकी हो, उन्नाइस वर्षकी । प्लस टु पास गरेपछि बिबिएस पढ्ने सपना बोकेर सहर पसेकी । शंकरदेव र मीनभवन क्याम्पसमा प्रवेश परीक्षा दिएकी छे । रिजल्ट अर्को साता आउने कुरा छ ।

काठमाडौंमा उसको पहिलो आवश्यकता पढाइभन्दा पनि खुट्टा टेक्ने ठाउँ हो । त्यसका लागि जागिर चाहिएको छ । तर, विरानो सहरमा जागिर खोज्नु सजिलो कहाँ छ र !

सुम्निमाले चिनेका मान्छे धेरै छैनन् । त्यसैले कलाको डेरामा आएर बसेकी छे । कला पनि उसलाई माया गर्छे । धेरै बसेको भनेर कहिल्यै गुनासो गरेकी छैन ।

कला साँझ ६ बजे काममा जान्छे । फर्किंदा रातको १ बज्छ । कहिलेकाहीँ २ । कुनै दिन ३ पनि बज्छ । कहिलेकाहीँ फोन गर्छे,- 'आज यतै बसेँ है ।'

सुम्निमालाई कलाको काम के हो भन्ने अझै राम्ररी थाहा छैन । ठमेलको विदेशी रेस्टुरेन्टमा काम गर्छु भनेकी छे । झट्ट हेर्दा कलाको जीवन सुम्निमालाई रमाइलो लाग्छ । चिटिक्क परेर गयो । रमाउँदै फर्कियो । कहिलेकाहीँ साथी स्कुटरमा लिन आउँछिन् । राति रेस्टुरेन्टकै भ्यानले कोठामा छाड्छ ।

तर कहिलेकाहीँ ढोका खोल्दा वाइनको गन्ध ह्वास्सै आउँछ ।

'दिदी, मातेर आएको हो कि क्या हो ?'

कला हाँस्छे ।



'खासै हैन । एक गिलास मात्र ।'

राति जति ढिलो आए पनि कला कलेज छुटाउँदिन । बिहान कलेज जान्छे, फर्केर केहीबेर आराम गर्छे र फेरि साँझ काममा निस्किन्छे ।

सुम्निमा उसलाई हेरेर कहिलेकाहीँ सोच्छे, काठमाडौंमा बाँच्न सजिलो छैन रहेछ । सधैं कुदाकुद ।

सुम्निमा रमाइली छे । गीत गाउन आउँछ । नृत्यमा त गाउँमै कहलिएकी हो । कहिलेकाहीँ कोठामा मोबाइलमा गीत बजाएर नाच्छे ।

'जिन्दगीमा अरू केही गर्न सकिएन भने पनि नाचेर ज्यान पालिन्छ,' ऊ भन्छे ।

कला हाँस्छे ।

'पहिले बिबिएस पढेर बैंकमा जागिर खा ।'

'त्यो त ठुलो सपना हो नि ।'

'ठुलो सपना देख्न पैसा लाग्दैन ।'

सुम्निमा चुपचाप मुस्कुराउँछे ।

गाउँमा उसको बाको खुद्रा पसल छ । उनी सानो पसल चलाएर घर धानिरहेका छन् । बाको दुःख सुम्निमाले नजिकबाट देखेकी छे । त्यसैले काठमाडौं आएपछि उसलाई बाबुको पैसा खर्च गरेर बस्न मन छैन ।

ऊ जागिर खोज्न थाल्छे । तर जहाँ गए पनि अनुभव चाहिन्छ । कतै तलब कम हुन्छ । कतै काम मन पर्दैन ।

एक दिन दिक्क भएर उसले कलासँग सोध्छे, 'दिदी, तपाईंको रेस्टुरेन्टमा जागिर छैन ?'

कला एक्कासि गम्भीर हुन्छे ।

'तिमी सक्दैनौ ।'

'तपाईंले सक्ने, मैले नसक्ने कस्तो जागिर हो र ?'

'सजिलो छैन नानी, रेस्टुरेन्टमा काम गर्न ।'

'किन ?'

कला केहीबेर मौन रहन्छे ।

'अनेकथरी मान्छे आउँछन् । कोही हात तान्छन् । कोही सुम्सुम्याउन खोज्छन् ।'

सुम्निमाको आँखा ठुलो हुन्छ ।

'आबुइ नि ! गाली गर्नुहुन्न ?'

कला हाँस्न खोज्छे, तर हाँसो आउँदैन ।

'जागिर नै त्यस्तै खाएपछि धेरै कराउन पनि भएन ।'

त्यति भन्दै कला काममा जाने तयारी गर्छे ।

सुम्निमा फेरि सोध्छे, 'तपाईंलाई डर लाग्दैन ?'

कला केहीबेर उसलाई हेर्छे ।

'डर त लाग्छ ।'

'अनि ?'

'काठमाडौंमा टिक्नुपर्छ ।' त्यो साँझ कला फेरि अत्तरको गन्ध छोड्दै कोठाबाट निस्किन्छे ।

ठमेलको उसको बार एन्ड डान्स रेस्टुरेन्ट चलेका ठाउँमध्ये पर्छ । झिलमिल बत्ती, ठुलो आवाजमा बज्ने संगीत, मदिराका गिलास र विभिन्न अनुहार । रात परेपछि त्यहाँ अर्कै संसार सुरु हुन्छ । त्यहाँ धेरै कुरा चल्छन् । कलाले भने आफ्ना लागि केही सीमा बाँधेकी छे । ऊ वेटरहरूको लिडर हो । नयाँ केटीहरूलाई सधैं सम्झाउँछे, 'ग्राहकलाई खुसी बनाउनु भनेको जे गरे पनि सहनु होइन ।'

रेस्टुरेन्ट मालिकले सुरुमै भनेका थिए, 'नाइनास्ती र झगडा गर्न पाइन्न । यो रात्रिकालीन मनोरञ्जन हो । जाँडले मातेका ग्राहक आउँछन् । संयमतापूर्वक सम्हाल्नुपर्छ ।' कलाले त्यो कुरा बुझेकी थिई ।

'मलाई छोयो भने त पड्काइदिने हो,' उसले एकपटक भनेकी थिई ।

मालिकले हाँस्दै भनेका थिए, 'त्यसो गर्‍यौ भने अर्को दिन नआए पनि हुन्छ । बार एन्ड डान्स भनेकै यस्तै त हो ।' कलाले त्यो वाक्य बिर्सिन सकेकी छैन ।

ग्राहकसँगै रात बिताउन जानु वा नजानु आफ्नो खुसी हो । तर ग्राहकलाई सहज बनाउनु उसको काम हो । अगाडि हाँसिमजाक गर्ने, सहज ढंगले प्रस्तुत हुने । आफ्नो मर्यादा आफैं जोगाउने ।

'वाइन खान सिकेको छ कि छैन ?' मालिकले सोधेका थिए ।

'छैन नि । चाडबाडमा घरकै बनाएको खाएको छु ।'

'त्यसो भए वाइन खान सिक्ने । मगाउने, खान मन लागेको खाने, अरू छाड्ने ।'

'हुक्का तान्न ?'

'नाइँ ।'

'त्यो पनि रहर गर्ने । बिल ग्राहकले तिर्छ ।'

'डान्स गर्न त आउँछ होला ?'

'अँ, आउँछ ।'

'पालैपालो सेक्सी डान्स गर्ने । यहाँ आएपछि रमाइलो गर्न जान्नुपर्छ । आफ्नो मर्यादा आफैं म्यानेज गर्ने,' मालिकले प्रस्टै भनेका थिए ।

कला आफैंले पनि त्यही गरिरहेकी छे ।

नयाँ डान्स बारमा काम सुरु गरेको चार महिना भयो । त्यसअघि अर्को बारमा झन्डै डेढ वर्ष काम गरेकी थिई । त्यहाँका साहुजी निकै किचकिचे थिए । डान्सर र वेटरलाई होटल लैजान आफूखुसी बुकिङ गरिदिँदा रहेछन् । कला हक्की भएकाले आँट गरेका थिएनन् ।

एकदिन करिस्माले नमानेपछि कलाले यो कुरा थाहा पाइन् । यही निहुँमा उनको साहुसँग बाझाबाझ भयो । दुवैले भन्नुनभन्नु भने । झोकैझोकमा उनी चौध महिनाको जागिर छाडेर हिँडिन् । र, नयाँ ठाउँमा आइन् । तर रातहरू बदलिएका थिएनन् ।

एक रात साढे ११ बजेतिर पाँचजनाको एउटा समूह डान्सबार छिर्‍यो । सबैले वेटरलाई छेउमा राखेर डान्स हेर्न थाले । अर्डर लिन कला पनि पुगिन् । करिब ४० वर्षको एकजनाले उनलाई काखैमा राखौंला जसरी तान्यो । केहीबेरपछि उसको व्यवहार असहज हुन थाल्यो । कलाको स्कटतिर उसको हात बढ्यो । उसको आँखाले पनि छाति ताकिरहेको थियो । कला बुझिहाली ।

'मेरो डान्सको पालो आयो,' भन्दै ऊ त्यहाँबाट उठी । १० मिनेटजति काँटा लगा... गीतमा डान्स गरेर फर्किएपछि अर्को टेबलमा गई । त्यहाँ एकजना व्यक्ति लट्ठिएका थिए । कला बियरको बोतल लिएर गइन् । गिलासमा भरेर टेबलमा राख्ने क्रममा उसले च्याप्प उनको हात समात्यो ।

कला फर्केर हेरिन् ।

हर्क सर ।

'तँ यहाँ ?' उनले सोधे । कला पनि झसंग भइन् ।

'ओहो... हाम्रो अंग्रेजी सर ।'

विद्यालयमा अंग्रेजी पढाउने शिक्षक । गाउँमा हुँदा आदर गर्ने मान्छे । आज उनी ग्राहक भएर त्यहीँ बसेका थिए । कलालाई एकैपटक दुई कुरा नमिठो लाग्यो । एउटा आफ्नो काम । र, अर्को हर्क सरको हर्कत ।

ऊ केही नबोली अर्को डान्सतिर गई । हर्कको पनि आधा नसा उत्रियो सायद । केहीबेर स्टेजतिर अल्मलिएर कला फर्किंदा हर्क र उनका साथीहरू गायब भइसकेका थिए ।

कलाले साथीलाई सोधी, 'उनीहरू कहाँ गए ?'

साथीले भनिन्, 'खै के भो रे । खासखुस गर्दै थिए । तिमीसँग बसेको बड्डोले सबैलाई लिएर गयो ।'

त्यो रात कलाको मन निकै भारी भयो । घर फर्किंदा सुम्निमा निदाइसकेकी थिई । उसको छेउमा बिबिएसका किताब थिए । कला किताबतिर हेरिरही । त्यही क्षण उसले निर्णय गरिन्, सुम्निमालाई रेस्टुरेन्टमा जागिर खोजिदिनु हुँदैन ।

करिस्माले छाडेको वेटरको ठाउँ खाली नै छ । त्यो जागिर पाए सुम्निमाको खर्च टर्न सक्छ । डान्स क्लासका लागि पनि केही पैसा बचाउन सकिन्छ । तर कला चाहन्ने । किनभने, सुम्निमा उसकी बहिनी हो । आफूमा जति सहने शक्ति छ, सुम्निमामा त्यति नहुन सक्छ भन्ने कलालाई लाग्छ । त्यसैले ऊ साना नानीहरूलाई ट्युसन पढाउने काम खोजिरहेकी छे । भाटभटेनीमा सेल्स गर्लको काम पनि खोज्दै छे ।

'पैसा कम भए पनि हुन्छ,' कला भन्छे, 'पहिले तिमी सुरक्षित ठाउँमा काम गर ।'

सुम्निमा कहिलेकाहीँ रिसाउँछे । 'तपाईंले त मलाई बच्चै सम्झनुहुन्छ ।'

कला हाँस्छे ।

'दिदीका लागि बहिनी सधैं बच्चै हुन्छे ।'

सुम्निमा चुप लाग्छे । उसलाई के थाहा, कलाले हरेक रात के-केसँग लडेर घर फर्किन्छे । कला आफूलाई भाग्यमानी ठान्छे । झन्डै डेढ वर्ष डान्स बारमा काम गर्दा पनि उसले आफ्नो सीमा जोगाएकी छे । आफ्नो इच्छाबिना कसैले मनपरी गर्न सकेको छैन ।

तर त्यसको अर्थ उसको रात सजिला छन् भन्ने होइन । हरेक रात पुरुषका नियतले भरिएका आँखाहरूले उसको शरीर नाप्छन् । कहिलेकाहीँ हातहरू उसको सीमासम्म आइपुग्छन् । हरेकपटक चर्को प्रतिवाद गर्न सम्भव हुँदैन । किनभने कला काठमाडौंमा बाँचिरहेकी छे । बेरोजगारीको डसाइ कहिलेकाहीँ त्यसभन्दा चर्को हुन्छ ।

उसले सुम्निमालाई त्यो डसाइबाट जोगाउन चाहन्छे । एक बिहान सुम्निमा उठ्दा कला चिया बनाइरहेकी थिई । 'दिदी, राति कति बजे आउनुभयो ?'

'थाहा छैन ।'

'तपाईंलाई समय नै थाहा हुँदैन ।'

कला मुस्कुराई ।

'समय थाहा भएर पनि के गर्नु ?'

'किन ?'

'सबैको समय एउटै हुँदैन नि ।' सुम्निमा उसको कुरा बुझ्न खोज्दै हेरिरही । कला चियाको कप उसको अगाडि राख्दै भनी, 'तिम्रो रिजल्ट आउँदै छ । पढाइ नछोड्नू । जागिर म खोजिदिन्छु ।'

'तर दिदी...'

'केही हुँदैन ।'

'अनि तपाईं ?'

कला झ्यालतिर फर्किइन् ।

'म त वेटर कला हुँ ।'

'त्यो के हो ?'

कला केहीबेर चुप रहिन् ।

'रातसँग सम्झौता गरेर बिहान जोगाउने मान्छे ।'

सुम्निमा हाँस्न सकिन । कला पनि हाँसिन । बाहिर काठमाडौं उज्यालिँदै थियो । रातभरि थाकेको सहर बिस्तारै उठ्दै थियो । सडकमा गाडी गुड्न थालेका थिए । पसलका सटरहरू खुल्दै थिए । कला भने फेरि साँझको तयारी सोचिरहेकी थिई । अत्तर लगाउने । मास्क लगाउने । झिलमिल बत्तीमुनि उभिने । हाँस्ने । आफ्नो सीमा जोगाउन संघर्ष गर्ने । रात कटाउने । तर अब उसको रात आफ्नो लागि मात्र थिएन । कोठाको अर्को कुनामा बिबिएसका किताब बोकेर बसेकी सुम्निमाको भविष्य पनि उसैसँग जोडिएको थियो । किनभने, कला दिदी थिई ।

त्यसैले उसको सबैभन्दा ठुलो कमाइ २० हजारको तलब थिएन । बहिनीको सपना सुरक्षित राख्न सकेको एउटा रात थियो । र त्यो सपना, कुनै दिन बैंकको काउन्टरमा उभिने सुम्निमा कलाका लागि हरेक रातको झिलमिल बत्तीभन्दा उज्यालो थियो ।

(हाल : भैरहवा)

# एनभिएलको उपाधिका लागि अन्नपूर्ण र कर्णाली भिड्ने

**काठमाडौं/मस-** कर्णाली शिवराज एक्सट्रिम इनर्जी ड्रिंक नेपाल भलिबल लिग (एनभिएल)को फाइनलमा प्रवेश गरेको छ। अब कर्णालीले उपाधिका लागि शनिबार अन्नपूर्ण स्पाइकर किंग्ससँग प्रतिस्पर्धा गर्ने छ। अन्नपूर्ण बिहीबार नै लिगको शीर्ष स्थानमा रहँदै सोझै फाइनलमा पुगेको हो। अन्नपूर्णले १२ अंकसाथ लिगको शीर्ष स्थान ओगटेको थियो।

६ टिम सहभागी लिगमा शीर्ष स्थानमा रहने टोली सिधै फाइनलमा पुग्ने प्रावधान छ। त्यस्तै, लिगमा दोस्रो र तेस्रो स्थानमा रहने टोलीले फाइनल पुग्नलाई प्लेफ खेल्नुपर्ने थियो।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा भएको सोही प्लेअफमा कर्णालीले काठमाडौं रेड्सलाई ३-१ को सेटमा पराजित गर्दै फाइनलमा स्थान सुरक्षित गऱ्यो। कर्णाली २५-२१, २०-२५, २५-२३ र २५-२२ ले विजयी भयो। कर्णालीका अलिरेजा अबालुच 'म्यान अफ द म्याच' घोषित भए। लिगमा कर्णाली ११ अंक तथा काठमाडौं १० अंकसाथ प्लेअफमा पुगेका थिए।

नेपाल भलिबल संघको सहयोगमा केडिया ग्रुपद्वारा आयोजित प्रतियोगितामा ६ पुरुष टिम सहभागी थिए। नेपाल भलिबल लिगको कुल




पुरस्कार राशि ३२ लाख रुपैयाँ रहेको छ। यो पुरस्कार नेपाली भलिबलकै इतिहासमा हालसम्मकै सर्वाधिक हो। विजेताले २० लाख नगद पुरस्कार प्राप्त गर्नेछ।

कनेक्टेड बाइ एनसेल रहेको प्रतियोगिताको फ्लोरिङ पार्टनरमा यती कार्पेट, इन्टरनेट पार्टनरमा वर्ल्ड लिंक, एजुकेसन पार्टनरमामा डिएभी स्कुल, इन्स्योरेन्स पार्टनरमामा हिमालय लाइफ इन्स्योरेन्स, टुरिजम पार्टनरमा नेपाल टुरिजम बोर्ड, हेल्थ पार्टनरमा रफान्स आयल र डिजिटल पार्टनरमा एक्स-ऐज रहेका छन्। पुरुष भलिबलको फ्रेनचाइज लिग नेपालमा पहिलोपटक भएको हो।

---

## कनकाई नगरपालिका
## कनकाई नगर हस्पिटल, सुरुङ्गा, झापा

### औषधि तथा औषधिजन्य सामाग्रीहरु तथा एक्सरे फिल्मको प्रति ईकाई दर विधिबाट खरिद गर्न पुन:बोलपत्र हार्डकपी मार्फत आह्वान सम्बन्धि सूचना

**(प्रथम सूचना प्रकाशित मिति २०८३/०५/२६)**

कनकाई नगर हस्पिटल फार्मेसी र एक्सरेमा आ.व. २०८३/०८४ का लागि औषधि तथा औषधिजन्य सामाग्रीहरू तथा एक्सरे फिल्म बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले तपशिल बमोजिम औषधि तथा औषधिजन्य सामाग्रीहरू (थेराप्युटिक समुह अनुसारका) तथा एक्सरे फिल्म योग्यता पुगेका इच्छुक ईजाजत प्राप्त फर्म, कम्पनि तथा सप्लायर्सले रितपुर्वकको बोलपत्र तपशिलका शर्तहरू पालना हुनेगरी नगरपालिकाको आधिकारीक वेभसाइट www.kankaimun.gov.np मार्फत यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | ठेक्का नं. | विवरण | बोलपत्र फारम शुल्क | धरौटी रकम रु. | बोपत्र खरिद/दाखिला गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति | बोलपत्र मान्य हुने अवधि | बोलपत्र जमानतको मान्य हुने न्यूनतम अवधि |
|---|---|---|---|---|---|---|---|---|
| १. | K.N.H/NCB/GOODS /1/2083-084 | Procurement of Medicine and Related Items for Hospital Pharmacy. | ५०००।- | १२,५०,०००।- | २०८३ असोज १५ गते विहिबारका दिन दिनको १२.०० बजे | २०८३ असोज १५ गते विहिबारका दिन दिनको १२.३० बजे | ९० दिन | १२० दिन |
| २. | K.N.H/NCB/GOODS /2/2083-084 | Procurement of X-ray Film and Related Items for Hospital Supply | ३०००।- | १,२०,०००।- | २०८३ असोज १५ गते विहिबारका दिन दिनको १२.00 बजे | २०८३ असोज १५ गते विहिबारका दिन दिनको १२.३० बजे | ९० दिन | १२० दिन |

बैङ्कको नामः नेपाल बैंक लिमिटेड, सुरुङ्गा शाखा।
कार्यालयको नामः कनकाई नगर हस्पिटल, सुरुङ्गा, झापा।
नेपाल वैंक लि. सुरुङ्गा खाता नम्बर 14700107360271000001 मा रकम जम्मा गरि दरभाउपत्र फारम खरिद गर्न सकिने छ।

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०६९/०२/०५ मा दर्ता भएको **प्रा.लि.नं. ९३३१२** को **रेडियो चौतारी प्रा.लि** नामक कम्पनीले दफा १३६ क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३० दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

---

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८३/०५/२७**
यस कम्पनीको मिति २०८३/०५/१७ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनी **मिसन सञ्चार मल्टिमिडिया ग्रुप प्रा.लि. (दर्ता नं. २९१२७९)** को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०५/२२ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **युनिभर्सल कन्सल्टिङ कन्सोर्टियम प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

---

## भूल सुधार

मिति २०८३/०५/२६ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित श्री प्रगति सामुदायिक वन उपभोक्ता समूह, बाणगंगा न.पा.-७, बनगाई, कपिलवस्तुको काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना शिर्षकमा **प्रथम पटक सूचना प्रकाशन मिति २०८३/०५/२६** गते हुनुपर्नेमा अन्यथा भएकोले भूलसुधार गरिएको छ।

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७५/०४/०६ मा दर्ता भएको श्री **किम एण्ड क्याकल्स प्रा. लि. (प्रा. लि. नं. १९३६८२)** नामक कम्पनीले दफा १३६ (क) अनुसार विषेश दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

---

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६३/०६/३० मा दर्ता भएको **प्रा.लि.नं. ४१९९७** को **ए टु जेड इनभेष्टमेन्ट एण्ड म्यानेजमेन्ट प्रा.लि.** को मिति २०८३/०५/१७ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटरः गोपाल खतिवडा (इजाजत नं. ६१५)**
**ठेगानाः का.म.न.पा.-९, काठमाडौं**
**सम्पर्कः ९८६३५४२२९०**

---

## भूल सुधार

मिति २०८३/०५/२६ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित **NO FEES, ETHICAL RECRUITMENT OPPORTUNITY FOR MALAYSIA ! (मलेसियाका लागि शून्य शुल्कमा नैतिक भर्तीमार्फत रोजगारीको अवसर)** शीर्षक कम्पनीको नाम : **ADVANCED ASSEMBLY MATERIALS (M) SDN. BHD., पूर्व स्वीकृत मिति : २०८३/०३/११**, चलानी नं. **६०२५७३४८** र **L.T. No.: 343999** हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

**सुबास ह्युमन रिसोर्सेज प्रा. लि**
SUBAS HUMAN RESOURCES PVT. LTD.
Bijuli Bazar/Naya Baneshwor, Kathmandu, Hotline : +977-1-5244743, Phone: +977-1-5244683, 5244681
Web: subashumanresources.com, E-mail: adm@subashumanresources.com
Grievance handling No.: +9779805678362 , Grievance handling Email : grievance@subashumanresources.com

---

नेपाल सरकार
## वैदेशिक रोजगार विभाग, काठमाडौं
**दावी विरोध सम्बन्धी सूचना**
**प्रकाशित मिति २०८३/०५/२७**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त संस्था श्री **Dream Recruiting Service Pvt. Ltd. ई.प.नं. ११५४/०७३/७४** ले यस विभाग समक्ष कास्की जिल्ला पोखरा महानगरपालिका-०९ र चितवन जिल्ला भरतपुर महानगरपालिका-०२ मा शाखा कार्यालय खोली संचालन गर्दै आएकोमा उक्त शाखा कार्यालयहरु रद्द गरी धरौटी रकम फिर्ता गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८३/०५/२५ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम शाखा कार्यालयको इजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

---

## अनलाइन सञ्चार माध्यम हस्तान्तरण/विक्रि गर्ने सूचना

सूचना तथा प्रशारण विभागमा दर्ता नं ३४१६-२०७८/७९, मिति २०७९/०२/२४ मा दर्ता रहेको मिसन सञ्चार मल्टिमिडिया ग्रुप प्रा.लि. द्वारा सञ्चालित मिशन सञ्चार डटकम **www.missionsanchar.com** नामक अनलाइन सञ्चार माध्यम यस संस्थाबाट हस्तान्तरण हुने हुँदा संस्थासँग सम्बन्धित कुनै श्रमजिवि पत्रकारहरुको पारिश्रमिक वा अन्य कुनै आर्थिक दायित्व भएमा मिति २०८३/०६/१० (१५ दिन) भित्र यस संस्थाको ठेगाना काठमाडौं-२९, बागमती प्रदेश, सञ्चालकको फोन नं. ९८५१२४३७४८, वाइमेल **missionsanchar@gmail.com** मा सम्पर्क गर्नुहुन अनुरोध छ। साथै समयमै उजुरी प्राप्त नभएमा प्रक्रिया अगाडि बढाइने व्यहोरा अनुरोध छ।

---

## कुवेतमा रोजगार

कम्पनी: **BAHRAN COMPANY FOR GENERAL CLEANING, INDUSTRIAL CLEANING, AND BUILDING MAINTENANCE SERVICES** शहर: **KUWAIT**
पूर्व स्वीकृत मिति: २०८३/०२/०४ चलानी नं.: ६०२५५६२९ **LT. No.:342263** पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Indoor | 0 | 6 | स. काममा दक्ष | 120 | ५९,६४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज ३ गते (19 September 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. कामका लागि विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Guideline Recruitment Service Pvt. Ltd.** Govt.Lic.No 1061/073/74
Samakhusi, Kathmandu, Tel.: 4389497, Contact : 9849036098, 9823461212 (Ujjwal Raut)
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com

---

## कतारमा रोजगार

कम्पनी: **GRAND WAY FACILITIES AND CLEANING SERVICES** शहर : **DOHA**
पूर्व स्वीकृत मिति: २०८३/०३/०२ चलानी नं: ६०२५६९१४ L.T. No.: 343532 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Business Executive Female | 0 | 2 | सम्बन्धित काममा दक्ष | 2500 | १०४५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner General | 0 | 2 | | 1000 | ४१८१० | | | | | | | |
| 3. | Ground Host For Reservation | 0 | 1 | | 1200 | ५०१७२ | | | | | | | |
| 4. | Light Driver (GCC Return) | 1 | 0 | | 1500 | ६२७१५ | | | | | | | |
| 5. | Receptionist | 0 | 1 | | 1200 | ५०१७२ | | | | | | | |
| 6. | Supervisor | 1 | 0 | | 2500 | १०४५२५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज ३ गते (19 September 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. कामका लागि विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**ASSOCIATES WELCOME INTERNATIONAL PVT. LTD.**
सामाखुसी, काठमाडौं, फोन: ०१-५९०६५०८, Mobile No: 9851414173,
E-mail : hrwelcomeintl@gmail.com
श्रम इजाजत पत्र नं.: १०२२/०६८/०६९

---

## युएईमा रोजगार

कम्पनी : **PIONEERS OF THE MIDDLE EAST BRIDGES AND TUNNELS MAINTENANCE L.L.C** शहर : **ABU DHABI**
पूर्व स्वीकृत मिति: २०८३/०३/०१ चलानी नं.: ६०२५६९५८ L.T. No.: 343569 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Helpers | 30 | 0 | स. काममा दक्ष | 1000 | ४१,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ३ गते (19 July 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. कामका लागि विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**FUSION INTERNATIONAL PVT.LTD.** Gov License No: 283/058/059
Panchakumari Marga, New Baneshwor,Kathmandu, Nepal
Tel 01-4465326, 9802356807 Email: info@fusionintlpvt.com
Website:www.fusionintlpvt.com

---

## साउदीमा रोजगार

कम्पनी : **STAR RESOURCES COMPANY** शहर : **SAUDI ARABIA,RIYADH**
पूर्व स्वीकृत मिति: २०८३/०५/२५ चलानी नं.: ६०२६०९४० L.T. No.:347733

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 4 | 0 | स. काममा दक्ष | 1000 | ४०५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८३ असोज ३ गते (19 September 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. कामका लागि विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**C.D. HUMAN RESOURCES PVT. LTD.** Gov. Lic. No. 1048/073/74
Panchakumari Mandir Marga 09,Sinamangal,Kathmandu, Tel.: 01-5921834 | Fax: 4486263,
| Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np, Contact no: +977 980-8793080 (Homa Devi Khadka)

---

## युएईमा रोजगार

कम्पनी: **BURTPLACE GENERAL CONTRACTING LLC** शहर: **UAE**
पूर्व स्वीकृत मिति: २०८३/०५/२१ चलानी नं. ६०२६०७७१ **LT. No.: 347651** पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scafolder | 17 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ६२२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Brick Layer | 25 | 0 | | 1500 | ६२२३५ | | | | | | | |
| 3. | Cleaner Staff | 7 | 0 | | 1500 | ६२२३५ | | | | | | | |
| 4. | 3G WELDER | 7 | 0 | | 1500 | ६२२३५ | | | | | | | |
| 5. | Stone Mason | 20 | 0 | | 1500 | ६२२३५ | | | | | | | |
